# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २१० | काठमाडौं | आइतबार, १४ मंसिर २०८२ | Prabhab National Daily | Sunday, 30 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


# निर्वाचनप्रति दिनानुदिन आशंका बढ्दै

■ प्रभाव संवाददाता



प्रदर्शनमा सहभागी भएका जेन-जी अभियन्ताहरूले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउँदै निर्वाचन हुन नदिने संकेत गर्न थालेका छन्

**काठमाडौं–** निर्वाचन आयोगले फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सभाको निर्वाचनका लागि तयारी धमाधम गरिरहेको छ । तर नेपाली कांग्रेसले आफ्नो केन्द्रीय समिति पटकपटक सर्दै गर्दा निर्वाचन तोकिएको समयमा नहुने हो कि भन्ने संशय बढ्न थालेको छ ।

दल दर्तामा चुकेको जेन-जीहरू निर्वाचनमा भाग नलिने तर्क अघि सारिरहेका छन् । भदौ २३ र २४ मा जेन-जी युवाकै विद्रोहका कारण सत्ता परिवर्तन भएको थियो भने अन्तरिम सरकारको मुख्य जिम्मेवारी निर्वाचन हो ।

उनै प्रदर्शनमा सहभागी भएका जेन-जी अभियन्ताहरूले अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउँदै निर्वाचन नहुने संकेत गरेका हुन् । शुक्रबारमात्र जेन-जी अभियन्ता मिराज ढुंगानाले यो निर्वाचनमा आफूहरू सहभागी नहुने बताए । 'पूरानै मान्छे फर्किने निर्वाचन मा हामीलाई जानु छैन । अहिले म भोट माग्न गएँ भने के साँच्चै भोट पाउँछु र ?' ढुंगानाले प्रश्न गरेका छन्, 'हामी जेन-जीहरूले इलेक्सनमा गएर के पाउछौं ?'

सरकारले जेन-जीको कुनै माग पुरा नगरेको उल्लेख गर्दै उनले भनेका छन्, 'पहिले त त्यो कारण पूरा होस् जसले क्रान्ति ल्याएको थियो । हाम्रो माग पूरा होस्, हाम्रो आवाज सुन्ने व्यवस्था बनोस् । त्यसभन्दा अघि कुनै चुनाव, कुनै वाचा–हामीलाई मान्य छैन ।'

यसअघि हामी नेपालका संयोजक सुधन गुरुङलेसमेत जेन-जीको माग पुरा नभई निर्वाचन नहुने तर्क अघि सारेका थिए । गृहमन्त्री अर्यालप्रति असन्तुष्टि पोख्दै गुरुङले माग पुरा नभइ निर्वाचन नहुने बताएका थिए । 'समग्र हामी जेनजीहरूको टिम एक ठाउँमा छ । एकदुईजना तलमाथि हुनुहुन्छ, उहाँहरूलाई नै बोलाउँछौं,' गुरुङले भनेका थिए, 'माग पूरा नभईकन कसरी चुनाव हुन्छ ? यो सबै कुरा गृहमन्त्रीज्यूले जिम्मा लिनुपर्छ ।'

ढुंगाना र गुरुङको भनाईलाई बल मिल्ने गरी अर्का अभियन्ता दुर्गा प्रसाईंले फागुनमा निर्वाचन हुनै नसक्ने भन्दै ठोकुवा गरेका छन् । मेडिकल व्यवसायीसमेत रहेका प्रसाईंले शनिबार एक कार्यक्रममा कार्की नेतृत्वको सरकारले निर्वाचन गर्न नसक्ने दाबी गरेका हुन् । 'चुनाव नै हुँदैन । चुनाव नहुने क्लियर छ । अहिलेको सरकारको नेतृत्वमा रहेकाहरूको पनि जात एउटै हो । विगतका सरकारभन्दा फरक छैन । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले आफैंले सरकारी जग्गा मिचेको रहेछ । केको भ्रष्टाचारविरोधी ?' प्रसाईंले भने ।

⏭ क्रमशः पृष्ठ २ मा

एमालेको प्रतिनिधि छनोट

# ओली र पोखरेल पक्षबीच ठाउँठाउँमा लफडा

- कोशीको मोरङ, सुनसरी, धनकुटा र ओखलढुंगामा महाधिवेशन प्रतिनिधि छनोटमा विवाद, मोरङमा ओलीनिकट र सुनसरीमा पोखरेलनिकट नेता कुटिए
- देशका अधिकांश जिल्लामा सर्वसम्मत महाधिवेशन प्रतिनिधि छनोट
- आइतबार (आज) पनि महाधिवेशन प्रतिनिधि छनोट गरिँदै

■ जेबी योञ्जन



**काठमाडौं–** नेकपा एमालेको ११औं महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्दा ठाउँठाउँमा झडप भएको छ । झडपबीच कतै प्रतिनिधि छनोट भएका छन्, कतै रोकिएको छ । अधिकांश जिल्लामा भने सर्वसम्मत प्रतिनिधि छनोट भएका छन् ।

आगामी महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल अध्यक्षमा प्रतिस्पर्धा गर्दैछन् । यी दुई नेता पक्षीय कार्यकर्ताबीच देशको विभिन्न जिल्लामा शनिबार झडप भएको हो । अध्यक्ष ओलीको गृहप्रदेश कोशीको मोरङमा त हातपात नै भएको छ । त्यहाँ नेता पर्शुराम बस्नेतमाथि हातपात भएको हो । गुन्डागर्दी पृष्ठभूमिका उनी ओलीनिकट नेता हुन् ।

पोखरेलपक्षीय कार्यकर्ताले उनलाई जिल्ला पार्टी कार्यालय पाञ्चालीस्थित मतदानस्थल बाहिर हातपात गरेका हुन् । हातपातको स्थिति सिर्जना हुनुको मुख्य कारण ढकाल समूहले एकै व्यक्तिलाई पटकपटक मतदान गर्न लगाउनु रहेको ओलीपक्षको आरोप छ । एमाले मोरङमा पोखरेलपक्षीय नेता विनोद ढकाल समूहको बलियो पकड रहेको मानिन्छ । केन्द्रीय सल्लाहकार परिषद्बाट गरिएको प्रतिनिधि छनोट प्रक्रियाप्रति विमती जनाउँदै पार्टी कार्यालयमा निवेदनसमेत परेको छ । अध्यक्ष अमृत बोहराले अलोकतान्त्रिक ढंगले प्रतिनिधि छनोट गरेको भन्दै सल्लाहकार कृष्ण दाहालले निवेदन दिएका हुन् ।

उनले पत्रकारहरूलाई भने, 'केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृत बोहराले अँध्यारो कोठामा बसेर २५ जनाको नाम लेखेर संगठन विभागलाई बुझाएर हिँड्नुभयो ।' उनले परिषद्बाट २५ जना प्रतिनिधि छनोट गर्ने निर्णय बदरको मागसमेत गरेका छन् । ओलीकै गृहप्रदेश कोशीको धनकुटामा प्रतिनिधि छनोटलाई लिएर विवाद उत्पन्न भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### 'दलितको भोट चलेन'

एमाले महाधिवेशन प्रतिनिधि छनोटको क्रममा मोरङमा जातीय विभेद भएको पाइएको छ । त्यहाँ दलित उम्मेदवार छनोटका लागि छुट्टै मतपेटिका राखेर विभेद गरेको पाइएको हो । त्यसो गरिँदा दलित मतदाताले खुला, युवा, महिलालगायत क्लस्टरबाट छनोट हुने महाधिवेशन प्रतिनिधि उम्मेदवारलाई भोट हाल्न पाएनन् । दलित अगुवाहरूले एमालेले दलित समुदायमाथि संस्थागत रूपमै विभेद गरेको गुनासो गरेका छन् ।

दलित अगुवा खेम नेपालीले गुनासो गर्दै पत्रकारहरूलाई भने, 'एमालेले दलितलाई झनै दलित बनायो । पानी नचल्ने त छ, भोट पनि नचल्ने बनायो ।' मोरङबाट छनोट हुने महाधिवेशन प्रतिनिधि तीन जना हो ।

सन्दर्भः वैदेशिक रोजगार

वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण शुल्क विवाद

# शुल्क वृद्धि फिर्ताको मागसहित संघले मन्त्रालयलाई पठायो पत्र

स्वास्थ्य मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारलाई स्वास्थ्य बीमासँग जोडेर परीक्षण गर्नु भनेको छ । मन्त्रालयले यस्तो भनिरहँदा भएको शुल्कमा पनि सहुलियत हुनुपर्ने ठाउँमा अर्कै खालको कार्यविधि बनाइएको छ

**महेश बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

विभिन्न पक्षबाट यस्ता कुराहरु आएपछि परामर्श हुन्छ । तर यो निर्णय भएर कार्यान्वयनमा गइसकेको विषय छ । यसबारे के गर्ने भनेर हामी छलफल गर्छौं

**पीताम्बर घिमिरे**
प्रवक्ता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

■ ममता थापा

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा गरिएको शुल्क वृद्धिको विरोध गर्दै श्रम मन्त्रालयमा पत्र पठाएको छ । संघले शुक्रबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई शुल्क वृद्धिको निर्णय तत्काल फिर्ता गर्न आग्रह गर्दै पत्र पठाएको हो ।

रोजगारीमा जान आफूहरूले मध्यस्थता गर्दै आएका श्रमिकको विषयमा निर्णय हुँदा कुनै समन्वय नभएको संघको तर्क छ । यसभन्दा अगाडि शुल्क परिमार्जन गर्दा संघ र मेडिकल व्यवसायी एक ठाउँमा बसेर श्रमिकलाई आर्थिक भार नपर्ने गरी निर्णय गर्ने गरिएकोमा यसपटक संघसँग कुनै समन्वय नगरी शुल्क वृद्धि गरिएको संघका महासचिव महेश बस्नेतले दाबी गरे । स्वास्थ्य मन्त्रालयले रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणलाई स्वास्थ्य बीमासँग जोड्नु भनेको अवस्थामा उक्त विषयलाई व्यवसायीले बेवास्ता गरेको उनको भनाइ छ ।

'स्वास्थ्य मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारलाई स्वास्थ्य बीमासँग जोडेर परीक्षण गर्नु भनेको छ । मन्त्रालयले यस्तो भनिरहँदा भएको शुल्कमा पनि सहुलियत हुनुपर्ने ठाउँमा अर्कै खालको कार्यविधि बनाइएको छ,' बस्नेतले भने । नयाँ कार्यविधिमा नौ हजार पाँच सय तिरेको व्यक्ति पनि मेडिकल अनफिट भएर फर्किनपरेको अवस्थामा के गर्ने भनेर उल्लेख नगरिएको बस्नेतले बताए । अन्त्यमा श्रमिकहरू क्षतिपूर्ति माग्न म्यानपावर नै आउने गरेको उनको भनाइ छ ।

नयाँ मापदण्ड बनाउने विषयमा कमिसनको खेल भएको आरोप संघले लगाएको छ । अध्ययन नगरी हचुवाको भरमा मापदण्ड बनाएर मेसिन किनबेच भएको बस्नेतले बताए । 'एउटा कम्पनीले मेसिन ल्याउने, एउटैले बेचिदिने, कमिसनको चलखेल गर्ने र अन्ततः कामदारकै टाउकोमा आर्थिक भार थोपर्ने कुरा गर्नुभएन नि,' बस्नेतले भने, 'मेडिकल व्यवसायीमा पनि अस्वस्थ प्रतिस्पर्धा छ । कुन देशको कसले गर्ने भन्ने सिन्डिकेट छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्रीसामु राजसंस्था पुनर्स्थापनाको औपचारिक प्रस्ताव



■ प्रभाव संवाददाता

- पहिलोपटक राजसंस्था पुनर्स्थापनाको औपचारिक प्रस्ताव प्रधानमन्त्रीसमक्ष पेस
- देशको दीर्घकालीन समस्या समाधानमा राजसंस्थाको अपरिहार्यता रहेको दाबी

**काठमाडौं–** गणतन्त्र स्थापनाको १८ वर्षपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले राजसंस्था पुनर्स्थापनाको औपचारिक प्रस्ताव प्रधानमन्त्री सुशीला कोइरालासमक्ष राखेको छ । राप्रपाले यस्तो प्रस्ताव पहिलोपटक राखेको हो ।

राजसंस्था पुनर्स्थापनाको प्रस्तावक राप्रपा त्यस्तो दल हो, जुन दलले देशको छ प्रतिशत जनताको प्रतिनिधित्व गर्दैन । सोही दलका अध्यक्ष राजेन्द्र लिङ्देन नेतृत्वको टोलीले शनिबार प्रधानमन्त्री कार्कीसमक्ष प्रस्ताव राखेको हो । पार्टी महाधिवेशन र प्रतिनिधिसभा निर्वाचन आउन लाग्दा राजसंस्थापक्षधर मतदातालाई 'होल्ड' गर्नेगरी लिङ्देनको यस्तो प्रस्ताव आएको हो । जबकि, लिङ्देनलाई राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापनाको एजेन्डामा आत्मसमर्पण गरेको पार्टीकै महामन्त्री डा. धवलशम्शेर राणापक्षबाट लाग्ने गरेको छ । कतिसम्म भने गत चैत १५ र जेठको दोस्रो र तेस्रो राजसंस्थापक्षधरहरू आन्दोलित हुँदा असहयोग भएको भन्दै उनी आलोचित भए ।

तर, शनिबार भने उनै लिङ्देन राजसंस्था पुनर्स्थापनाको प्रस्ताव लिएर प्रधानमन्त्री कार्यालय गए । उनले ज्ञापनपत्रमार्फत अन्तिम राजा ज्ञानेन्द्र शाह, राजनीतिक दल र जेन-जीसहितको सर्वपक्षीय सम्मेलनको मागसमेत गरे ।

⏭ क्रमशः पृष्ठ २ मा




सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

## पृष्ठ १ बाट क्रमशः

### ओली...

पार्टीका धनकुटा इन्चार्ज राजेन्द्र राई र अर्का नेता इन्द्रमणि पराजुली पक्षबीच १३ जना प्रतिनिधि छनोटमा विवाद सिर्जना भएको हो। दुवै ओलीपक्षीय हुन्। विवादपछि राई पक्षधरले प्रेस विज्ञप्तिमार्फत सहमतिमा प्रतिनिधि छनोट असम्भव हुँदा निर्वाचनमार्फत गर्न खोज्दा पराजुली पक्षबाट जिल्ला अध्यक्ष शिव आङ्ला लिम्बू र उपसचिव नैनबहादुर विश्वकर्मामाथि अभद्र व्यवहार भएको, निर्वाचन कार्यालयमा तोडफोड गर्दै अपशब्द बोलेको भन्दै आपत्ति जनाएको छ।

तर, पराजुली पक्षले अध्यक्ष लिम्बूले एकलौटी ढंगले प्रतिनिधि छनोट गर्ने प्रपञ्ज रचेका कारण विवाद उत्पन्न भएको दाबी गरेको छ। विधानविपरीत प्रतिनिधि छनोटका लागि मतदान गराउन खोजेको पराजुलीपक्षीय नेता कमल कार्कीले बताएका छन्।

कोशीकै ओखलढुंगामा पनि प्रतिनिधि छनोटमा विवाद भएको छ। जिल्ला अध्यक्ष जीबी खड्काले विधि मिचेर प्रतिनिधि छनोटमा एकलौटी गर्न खोजेको भन्दै २० जना उम्मेदवार निर्वाचन प्रक्रियाबाट अलग भएका छन्। संविधानसभा सदस्य हर्कबोल राई, नेता शकुन्तला राजभण्डारी, पूर्वजिल्ला अध्यक्ष तथा पूर्व मेयर मोहनकुमार श्रेष्ठ, जिल्ला कमिटी उपसचिव अस्मिता थापालगायत नेताहरूले अध्यक्ष खड्काले विधिसम्मत प्रक्रिया अपनाए मात्रै प्रतिनिधि छनोटमा सहभागी हुने बताएका छन्। त्यहाँ प्रतिनिधि छनोटका लागि ४१ जना छन्। त्यसमध्ये २० जना उम्मेदवार छनोट असन्तुष्टि जनाउँदै प्रक्रियाबाट अलग भएका हुन्।

कोशीकै सुनसरी-१ बाट महाधिवेशन प्रतिनिधि छनोटको क्रममा विवाद उत्पन्न हुँदा ईश्वर पोखरेलपक्षीय अनिल राजधामी कुटिएका छन्। सुनसरी जिल्ला कमिटी सदस्यसमेत रहेका राजधानी कोशीका पूर्वमुख्यमन्त्री भीम आचार्यका स्वकीय सचिव पनि हुन्। एमाले धरान कार्यालयनजिक युवा संघ कोशी इञ्चार्ज दिवस राई, धरान-१० का वडाध्यक्ष विवेक राईसहितको समूहले राजधामीलाई कुटपिट गरेको हो। राजधानी सुनसरी-१ बाट महाधिवेशन प्रतिनिधिको उम्मेदवार थिए। उम्मेदवारी फिर्ता लिनु भन्दै ओलीपक्षीय राईपक्षले राजधामीमाथि कुटपिट गरेको हो।

एमाले महासचिव शंकर पोखरेलको गृह जिल्ला दाङमा पनि महाधिवेशन प्रतिनिधि चयनमा गम्भीर विवाद उत्पन्न भएको छ। महाधिवेशन प्रतिनिधिका एक जना उम्मेदवार सुरेश गौतमले विज्ञप्तिमार्फत प्रतिनिधि चयन विधि, विधान र केन्द्रीय निर्देशनविपरीत भएको भन्दै खारेज गर्न माग गरेका छन्। ईश्वर पोखरेलपक्षीय उनका अनुसार दाङमा प्रतिनिधि छनोट मनपरी ढंगले गरिएको छ। निर्वाचन समिति गठन, मतदाता नामावली प्रकाशन र अन्य अनिवार्य प्रक्रियाहरू बेवास्ता गरेर एकलौटी शैलीमा नाम टुंग्याइएको उनको आरोप छ। उनले महासचिव पोखरेलको निर्देशनमा विधानविपरीत महाधिवेशन प्रतिनिधि छनोट एक्लौटी ढंगले गरेको दाबी गरेका छन्।

तर, धेरै जिल्लाबाट एमाले महाधिवेशन प्रतिनिधि सर्वसम्मत चयन भएका छन्। ओली अर्थात् संस्थापनपक्षलाई पोखरेलपक्षले चुनौती दिन नसक्ने जिल्लाहरूमा सर्वसम्मत महाधिवेशन प्रतिनिधि छनोट भएका हुन्।

#### रस्साकस्सीपूर्ण प्रतिनिधि छनोट

यही मंसिरको २७, २८ र २९ गते हुने एमालेको ११औं महाधिवेशन हुँदैछ। त्यसका लागि एमालेले आइतबारसम्म महाधिवेशन प्रतिनिधि छनोट गर्दै छ, जुन शनिबारदेखि सुरु भएको छ। एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार केन्द्रीय कमिटीबाट ३५४ जना स्वतः प्रतिनिधि हुनेछन्। अनुशासन आयोगबाट २९, लेखा आयोगबाट ३०, निर्वाचन आयोगबाट २५, सल्लाहकार परिषद्बाट २५ जना प्रतिनिधि रहनेछन्। यी कमिटीबाट जम्मा ४६४ जना स्वतः प्रतिनिधि हुनेछन्।

पार्टीको कुल संगठित सदस्य संख्या ६ लाख ६७ हजार ६३० सदस्यमध्ये प्रदेशबाट ४५, प्रतिनिधिसभाको निर्वाचन क्षेत्रबाट करिब ९७०, विशेष जिल्लाबाट ४७, दलितबाट ८१, ट्रेड युनियनबाट ४९, प्रवास, केन्द्रीय विभाग र कार्यालय तथा जनसंगठनबाट पनि प्रतिनिधि छनोट हुने गौतमले बताए। पाँच प्रतिशत प्रतिनिधि केन्द्रीय कमिटीले मनोनयन गर्नेछ। यी सबै जोड्दा कुल २१ सयभन्दा बढी प्रतिनिधि रहने अनुमान गरिएको छ।

■ ■ ■

### निर्वाचनप्रति...

जेन-जी अभियन्ताहरू अहिले विभिन्न शर्तहरू अघि सार्दै प्रधानमन्त्री कार्कीसँग सम्झौताका लागि वार्तामा छन्। यद्यपि दुई पक्षबीच अझै कुरा मिलिसकेको छैन। प्रधानमन्त्री कार्कीले आउँदो सोमबारसम्ममा यो विषय टुंगोमा पुग्ने बताउँदै आएकी छन्।

शुक्रबार प्रधानमन्त्री कार्कीले यो विषय चाँडो टुंग्याउन प्रशासकहरूलाई नर्देशन दिएकी थिइन्। 'अब यो विषय धेरै लम्ब्याउनुहुँदैन। आइतबार दिनभर लागे लागोस्, जे-जे हेर्नुपर्छ, हेर्नुहोस्। सोमबार भित्रमा अन्तिम रूप दिइएको हुनुपर्छ। अब धेरै दिन कुर्न सकिँदैन। हस्ताक्षर गरेकै कारणले केही बेहोर्नुपरे म बेहोर लैंला। मेरो सिंगो मन्त्रिपरिषद्ले त्यसको जिम्मेवारी लिन्छ। यो राजनीतिक दस्तावेज हो। कर्मचारी प्रशासकहरूले चिन्ता लिनुपर्दैन,' कार्कीले भनेकी थिइन्।

जेन-जी विद्रोहका क्रममा प्रहरीबाट लुटिएका हतियार, कारागारबाट फरार कैदीका कारण असुरक्षा उत्पन्न हुन सक्ने आशंका शीर्ष दलले व्यक्त गरिरहेको बेला यसखालको अभिव्यक्ति आउन थालेका हुन्। निर्वाचन आयोगले भने निर्वाचन तोकिएकै समयमा सम्पन्न हुने दाबी गर्दै आएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार प्रतिनिधि सभामा सहभागी हुन दल दर्ता उत्साहजनक रूपमा भइरहेको छ। अहिलेसम्म १०९ वटा दल निर्वाचनको लागि दर्ता भइसकेका छन्। आयोगमा दर्तामा रहेका १३९ दलमध्ये बाँकी दलहरू पनि दर्ताका लागि आउने अपेक्षा आयोगको रहेको प्रवक्ता भट्टराईले भने। आयोग निर्वाचन हुनेमा ढुक्क रहेको उनको भनाइ छ।

■ ■ ■

### शुल्क वृद्धि...

जतिसुकै परीक्षण गरेपनि एक रूपैयाँ पनि शुल्क बढाउन दिदैनौं हामी।' स्वास्थ्य व्यवसायी संघ र महासंघले भने श्रमिकको स्वास्थ्य परीक्षणलाई गुणस्तरीय बनाउन उक्त मापदण्ड बनेको दाबी गर्दै आएको छ। नयाँ प्रावधानले विगतमा फर्जी परीक्षण रिपोर्ट बनाउने, कमसल जाँच गर्ने, आवश्यक परीक्षणहरू नगरी मेडिकल फिट देखाइदिने, गुणस्तरीय स्वास्थ्य सामग्री नराखी सेवा दिइएको जस्ता अवस्थाको अन्त्य भएको मेडिकल व्यवसायीहरू बताउँछन्।

लामो अध्ययनपछि निर्देशिका बनेर नयाँ मापदण्ड लागू गरिएकाले विरोध गर्दैमा के हुन्छ भन्न नसकिने मन्त्रालयका सहसचिव तथा प्रवक्ता पीताम्बर घिमिरेले बताए। निर्धारण गरिएको नयाँ शुल्कबारे विभिन्न टिप्पणी र विरोध भएको जानकारी आएकाले आवश्यक छलफल अगाडि बढाउने घिमिरेको भनाइ छ।

'निर्देशिका नै बनाएर स्वास्थ्य परीक्षण बढाउने, शुल्क पनि बढाउने, गलत अभ्यास छन्, परीक्षणलाई डिजिटलाइज्ड गर्ने भनेर उक्त क्षेत्रलाई सुधार गर्ने उद्देश्यले कार्यान्वयनमा आएको हो,' घिमिरेले भने, 'विभिन्न पक्षबाट यस्ता कुराहरू आएपछि परामर्श गर्ने त हुन्छ। तर यो निर्णय भएर कार्यान्वयनमा गइसकेको विषय छ। यसबारे के गर्ने भनेर हामी छलफल गर्छौं।' मन्त्रालयले स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको अनुगमन गरेपछि यही मंसिर ४ गते मापदण्ड पुरा गर्नेहरूको सूची सार्वजनिक गरेको थियो। मन्त्रालयले अनुगमन गरेका २०० संस्थामध्ये १७१ वटा छनौट भएका छन्। व्यवसायीले मंसिर ९ गतेबाट बढेको शुल्कमा परीक्षण गर्न थालिसकेका छन्। विगतमा अधिकतम छ हजार पाँच सय तिर्दै आएका कामदारले स्वास्थ्य परीक्षणमा नौ हजार पाँच सय तिर्नुपर्ने भएको छ।

■ ■ ■

### प्रधानमन्त्रीसामु ...

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलन ०८४ को चुनाव ०८२ मा सार्न मात्रै नभएको भन्दै उनले देशको दीर्घकालीन राजनीतिक निकासका लागि राजसंस्था पुनर्स्थापना अपरिहार्य रहेको बताए। कार्की चुनावी सरकारको प्रधानमन्त्री हुनाले राजनीतिक व्यवस्था परिवर्तनमा कदम चाल्ने अधिकार उनलाई छैन। यद्यपि, राप्रपाले उनै कार्कीसमक्ष इतिहास भइसकेको राजसंस्था पुनर्स्थापनाको प्रस्ताव राखेको हो।

विगतमा पुष्पकमल दाहाल प्रधानमन्त्री छँदा लिङ्देनले नै राजसंस्था पुनर्स्थापनाको माग गरेका थिए। दाहालले देश पछाडि नफर्किने जवाफ दिएका थिए। त्यसपछि गणतन्त्र ढाल्ने र राजसंस्था पुनर्स्थापना गरिछाड्ने भन्दै दुईपटक आन्दोलित भए। तर, आन्दोलन प्रभावहीन बन्यो।

विघटित प्रतिनिधिसभामा राप्रपा सांसदहरू गणतन्त्रको विरुद्धमा चर्को बोल्थे। दलहरूबीच नवीन समझदारी गरेर देशको दीर्घकालीन राजनीतिक संकट समाधानका लागि राजसंस्था पुनर्स्थापना औचित्यपूर्ण हुने उनीहरू तर्क गर्थे। तर, यतिबेला राजसंस्थापक्षधरहरू छिन्नभिन्न भएका छन्। यद्यपि, जेन-जी विद्रोह र विद्रोहपछि प्रधानसेनापति अशोकराज सिग्देलले देशवासीको नाममा सम्बोधन गर्दा पृष्ठभूमिमा पृथ्वीनारायण शाहको तस्बिर राखेपछि राजसंस्थापक्षधरहरू हौसिए। यस्तोमा राजसंस्था पुनर्स्थापनाको प्रस्ताव राप्रपाले लगेको हो। तर, प्रस्ताव पेस गरेकै दिन राजसंस्थापक्षधरहरूलाई काठमाडौंको बिजुलीबजार पुलसहितको क्षेत्रमा प्रदर्शन गर्न प्रशासनले रोक लगाएको छ।

# रास्वपा र विवेकशीलबीच एकता

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विवेकशील साझा पार्टीसँग आइतबार एकता गर्ने भएको छ। शनिबार बसेको केन्द्रीय समितिको बैठकले विवेकशील साझा पार्टीसँग एकता गर्ने प्रस्तावलाई सर्वसम्मत स्वीकार गर्दै एकीकरण गर्ने निर्णय गरेको हो।

यस्तै, आइतवार राष्ट्रिय सभागृहमा 'एकता घोषणासभा' आयोजना गर्ने निर्णय भएको प्रवक्ता मनिष झाले जानकारी दिए। विवेकशील साझा पार्टीको केन्द्रीय समिति बैठकले पनि यसअघि नै रास्वपासँग एकता गर्ने निर्णय गरिसकेको थियो।

प्रवक्ता झाले भने, 'हामी विवेकशीलसँग मात्र होइन असल शासन र समुन्नतिसँग सरोकार राख्ने सबै सुसंस्कृत एवं परिवर्तनकारी राजनीतिक शक्तिहरूसँग मुद्दागत र साङ्गठनिक सहकार्यमा छौं। त्यहीअन्तर्गत विवेकशीलसँग एकता र आइतवार घोषणासभा गर्ने निर्णय भएको छ।'

विवेकशीलले रास्वपाको नाम, नेतृत्व र चुनाव चिह्न स्वीकार गरी निःसर्त एकतामा जाने निर्णय गरेको थियो। विसं २०६९ मा उज्ज्वल थापाको नेतृत्वमा विवेकशील अभियान सुरु भएको थियो। विसं २०७० मा विवेकशील नेपाली दल गठन भई चुनावी प्रतिस्पर्धामा गएको थियो। रास्वपा भने विसं २०७९ असार ७ गते स्थापना भएको थियो। उक्त दलले प्रतिनिधिसभा निर्वाचन, २०७९ मा प्रत्यक्षतर्फ सात सिट जितेको थियो। *रासस*


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **PINE OVERSEAS** कम्पनीले CHAIN बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Interactive flat panel board 75' 8-128gb with IS 7517 | Smart Board | Ingscreen | IS 7517 | 1-128g | CHAIN | 1,49,768 | |

बिक्रेताको फर्मको नाम: PINE OVERSEAS — स्थायी लेखा नं: 610425284

ठेगाना: Anamnagar-29, Kathmandu, Nepal — फोन नं: 9860645656

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **S.K.P. Traders** कम्पनीले CHAIN बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Interactive flat panel board 98' 16-256gb with IS 9817 | Smart Board | Ingscreen | IS 9817 | 1-128g | CHAIN | 4,00000 | |

बिक्रेताको फर्मको नाम: S.K.P. TRADERS — स्थायी लेखा नं: 622746440178

ठेगाना: Anamnagar-29, Kathmandu, Nepal — फोन नं: 9860645656

**क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.**
**लगनखेल, ललितपुर**
**फोन नं.०१-५४२२४९८**

**ऋण चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

*प्रकाशित मिति २०८२/०८/१४ गते, आइतबार*

यस क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गरेको ऋणको सावा, ब्याज तथा अन्य दैदस्तुर नबुझाएकोले कर्जा तिर्न बुझाउनको लागि संस्थाबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा समेत बेवास्ता गरि कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउने बारे यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋणको सावा, ब्याज तथा अन्य दैदस्तुर समेत तिर्नु बुझाउन हुन सूचित गरिन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता नगरेमा धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने छ। सोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा ऋणीको वा निजको एकाघर परिवारका नाममा रहेको तथा जमानीकर्ताहरूको समेत चल अचल सम्पत्ति तथा अन्य जायजेथा समेतबाट सहकारी ऐन, सहकारी नियमावली तथा नेपालको प्रचलित कानुन एवम् यस संस्थासँग भए गरेका लिखित सम्झौताअनुसार लिलाम विक्री वा अन्य व्यवस्था गरी असुल उपर गरी लिनुका साथै ऋणी तथा जमानीकर्ताहरूलाई कालोसूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**तपसिल**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना | धितो राखिएको सम्पत्तिको विवरण |
|---|---|---|
| **ऋणीको नाम : ममता राणा**<br>**बाबुको नाम** : श्याम कृष्ण कुबर<br>**बाजेको नाम** : कृष्ण बहादुर कुबर<br>**पतिको नाम** : ईन्द्र शम्सेर ज.ब.रा.<br>**स्थायी ठेगाना** : काठमाडौं ३१, काठमाडौं<br>**ना.प्र.प.नं.** : ८८३४/८४२९ | **जमानीकर्ताको नाम : पाल्साङ लामा**<br>**बाबुको नाम** : धन बहादुर लामा<br>**बाजेको नाम** : पहलमान घिसिङ्ग<br>**स्थायी ठेगाना** : कानपुर ६, काभ्रेपलाञ्चोक<br>ना.प्र.प.नं : ३०३०१०/५६ | काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१४<br>सिट नं १०२११४२०३ को कित्ता नं.५३८<br>क्षेत्रफल १९९.५३ र<br>सो मा बनेको घर समेत। |

**गणेशबाबा एग्रो सिड कम्पनी**
**राजापुर न.पा.-८, धोबिनपुर, बर्दिया**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः- २०८२/०८/१४**

यहि मिति २०८२ कार्तिक २४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तपसिलको मिति, समय र स्थानमा यस कम्पनीको वार्षिक साधारण सभा हुने भएको व्यहोरा जानकारी गराउदै सम्पुर्ण शेयर धनी सदस्यहरूलाई उपस्थितको लागि हार्दिक अनुरोध गरिन्छ। साथै कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा ७७ (३) बमोजिमको प्रतिवेदन निरिक्षणको व्यवस्था मिलाइएको छ।

**तपसिलः-**
मिति :- २०८२/०९/०५ गते
समय :- बिहान ११:०० बजे
स्थान :- कम्पनी कार्यालय प्राङ्गणमा

**छलफलका विषयहरूः-**
- सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
- लेखापरिक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने।
- अगामी वार्षिक योजनामा छलफल गरी पारित गर्ने।
- **विविध।**

**शर्मा चौधरी**
**अध्यक्ष**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
**Email: dhruvswamig@gmail.com**

आइतबार, १४ मंसिर, २०८२

| | |
|---|---|
| **मेष** | विशेष काम, रोकिएका काम बन्नेछ। |
| **वृष** | उत्सावर्द्धक, प्रतिष्ठत व्यक्तिबाट सहयोग। |
| **मिथुन** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता। |
| **कर्कट** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने। |
| **सिंह** | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ। |
| **कन्या** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने। |
| **तुला** | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ। |
| **वृश्चिक** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ। |
| **धनु** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ। |
| **मकर** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ। |
| **कुम्भ** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ। |
| **मीन** | उतारचढावमा समय व्यतित हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ मंसिर, २०८२ (३० नोबेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४१.६२ | १४२.२२ |
| युरो | १ को | १६३.६९ | १६४.३८ |
| पाउन्ड स्टिर्लङ | १ को | १८६.४२ | १८७.२१ |
| स्विस फ्रैन्क | १ को | १७५.६९ | १७६.४३ |
| अस्ट्रेलियन डलर | १ को | ९२.४८ | ९२.८७ |
| क्यानाडियन डलर | १ को | १०१.०३ | १०१.४६ |
| सिंगापुर डलर | १ को | १०८.६७ | १०९.१३ |
| जापानी येन | १० को | ९.१९ | ९.२२ |
| चिनियाँ युआन | १ को | १९.८९ | १९.९७ |
| साउदी अरब रियाल | १ को | ३७.७६ | ३७.९२ |
| कतारी रियाल | १ को | ३८.८५ | ३९.०२ |
| थाई भाट | ख १ को | ४.३८ | ४.३९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.५६ | ३८.७२ |
| मलेसियन रिङेट | १ को | ३४.०४ | ३४.१९ |
| दक्षिण कोरियन वन | १०० को | ९.७३ | ९.७७ |
| स्विडिस क्रोनर | १ को | १४.८९ | १४.९५ |
| डेनिस क्रोनर | १ को | २१.९२ | २२.०१ |
| हङकङ डलर | १ को | १८.२२ | १८.३० |
| कुवेती दिनार | १ को | ४६१.०८ | ४६३.०३ |
| बहराइन दिनार | १ को | ३७५.६६ | ३७७.२६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# 'बेसमेन्ट' खन्दा घर चर्केको भन्दै छिमेकीले गर्न थाले उजुरी




**काठमाडौं–** काठमाडौं महानगरपालिकामा भवन निर्माणका लागि बेसमेन्ट खन्दा निर्माण पक्षले सुरक्षा उपाय नअपनाएका कारण छिमेकीको घर चर्केको उजुरी सङ्ख्या बढ्न थालेको छ ।

पछिल्लो समय घर चर्केको मात्रै नभई कोल्टिएको, घरमा बस्न असुरक्षा भएको कारण बताउँदै क्षतिपूर्तिको मागसहित उजुरी दिने छिमेकीको सङ्ख्या बढ्न थालेको कामपा सहरी व्यवस्थापन विभागका प्रमुख इन्जिनियर हरिश्चन्द्र लामिछाने जानकारी दिए ।

लामिछानेका अनुसार भवन नक्सा स्वीकृत गर्दा नै यस प्रकारको काम गर्दा सुरक्षा उपाय बलियो प्रबन्ध गर्न, छिमेकीलाई असर नगर्न घरधनीले प्रतिबद्धता गर्नुपर्ने माग गरिएको छ । उनले भने, 'यस्ता समस्या पहिले थोरै सुनिन्थे । अहिले बढ्न थाले । यसको दिगो समाधानका लागि प्राविधिक र सामाजिक पक्षको अध्ययन गर्नुपर्छ । विज्ञ र साझेदारको सहयोगमा हामी यो समस्या समाधानलाई अगाडि बढाउँछौं ।'

'कानुनी मर्यादामा निर्माण पक्षले लापर्वाही गर्दा समस्या आएका हुन्', लामिछाने थप भन्छन्, 'भवन नक्सा स्वीकृति लिँदा तोकिएका सर्तहरूको पूर्ण पालना हुनुपर्छ । सर्त पूरा नहुँदा विवाद सृजना हुन थाले । यसले निर्माण अवधि पनि लामो हुन्छ । खर्च बढ्छ ।'

यसरी उजुरी परेपछि प्राविधिक टोलीलाई फिल्ड निरीक्षणमा पठाएर प्राविधिक टोलीले दिएको प्राविधिक प्रतिवेदनअनुसार कुन प्रक्रिया अवलम्बन गर्दा पीडितको क्षति कम हुन्छ । त्यसबाट कारबाही अगाडि बढाउने गरिएको लामिछानेको भनाइ छ ।

विभागका स्ट्रक्चर इन्जिनियर सन्तोष पाण्डेयका अनुसार बेसमेन्ट खनेका आफ्नो घर चर्किएको भनेर उजुरी दिनेहरूको सङ्ख्या दैनिक ३० को हाराहारीमा पुगेको छ । वडा नम्बर १३, १४, १५, ७ लगायत वडाबाट धेरै उजुरी र गुनासो रहेको पाण्डेयको भनाइ छ ।

जिओटेक्निकल इन्जिनियर उदयराज न्यौपाने भन्छन्, 'मानिस मानिस छिमेक भएजस्तै जमिन सतहको माटोको पनि आपसमा सम्बन्ध हुन्छ । यसलाई खन्दा सम्बन्ध टुट्छ । यो पक्षलाई नबुझ्दा समस्या आएको हो । भवन निर्माण गर्दा भवन निर्माण संहिताले निर्माण सुरक्षा अपनाउनुपर्ने व्यवस्था गरेको छ । यस्तै मुलुकी देवानी संहिता २०७० को परिच्छेद ३ को दफा २७८ बमोजिम निर्माणसम्बन्धी काम गर्दा सुरक्षात्मक उपाय अपनाउनुपर्छ । कुनै व्यक्तिले आफ्नो घर वा जग्गामा कुनै काम गर्दा सधियारको घर वा जग्गा वा सधियारलाई कुनै किसिमको हानिनोक्सानी नहुने वा असर नपर्नेगरी सुरक्षात्मक उपाय अपनाउनुपर्नेछ ।' *रासस*

# जैविक तटबन्धले जोगायो विद्यालय

**सिरहा–** चुरे पर्वतको काखबाट बग्ने बेतहा खोलाको त्रासले लहान नगरपालिका-१५ स्थित करिब ८० घरधुरी रहेको बेतहा बस्ती र त्यहाँको आधारभूत विद्यालय बेतहालाई हरेक वर्ष सताउने गर्दथ्यो । लहानको मुख्य बजारबाट करिब २० किलोमिटरको दूरीमा अवस्थित यो दुर्गम क्षेत्रमा वर्षायाम सुरु हुनासाथ बेतहा खोलाले रौद्र रूप लिँदा सबैको मनमा सधैँ डर हुन्थ्यो ।

हिउँदमा शान्त देखिने बेतहा खोला वर्षा सुरु हुनासाथ रौद्र रूप लिन्थ्यो र यसको प्रहार सिधै विद्यालयमाथि पर्थ्यो । 'खोलाले किनारा कटान गर्दै जाँदा विद्यालय भवन नै जोखिममा परेको थियो । कुन बेला के हुने हो, थाहा नै हुन्न थियो,' विद्यालयका प्रधानाध्यापक सुन्दरलाल चौधरी विगत सम्झँदै भने, 'सारा विद्यार्थीको भविष्य अन्धकारमा धकेलिन लागेको थियो । वर्षा लागेपछि त विद्यालय नै बन्द गर्नुपर्थ्यो ।'

बेस्सरी कटान हुँदै आएको बेतहा खोलाले विद्यालयको चौर डुबाउँथ्यो, कक्षाकोठा चिस्याउँथ्यो र विद्यार्थीको उज्ज्वल भविष्य हरेक वर्षाको बाढीसँगै बग्दै जाने डर पनि उत्तिकै थियो । यस दुर्गम बस्तीको अस्तित्वलाई नै प्रश्नको घेरामा पुर्‍याइरहेको बेतहा खोलाले विद्यालय मात्र होइन, छेउमै रहेको स्थानीय स्वास्थ्य चौकीलाई पनि उत्तिकै जोखिमपूर्ण बनाएको थियो ।

नगरपालिकाले स्थानीयको सहजताका लागि एक स्वास्थ्यकर्मीसहित ढोडना स्वास्थ्य चौकीको एक शाखा यहाँ खोलेको थियो । तर, बाढी आएपछि औषधि, उपकरण र कर्मचारी सबै जोखिममा पर्थे । स्थानीयका लागि बनेको सुविधा बाढीको एक झट्कामै बन्द हुने डरले सधैँ घेरेको हुन्थ्यो ।

बेतहा बस्तीका बासिन्दालाई आफ्नो घर, विद्यालय र स्वास्थ्य सेवा जोगाउन प्रकृतिसँग हरेक वर्ष सङ्घर्ष गर्नुपर्ने बाध्यता थियो । यो वर्षको दृश्य फरक छ । बस्ती जोगाउने अभियान अब प्रकृति र स्थानीयबीचको सफल सहकार्य बनेको छ ।

करिब छ महिनाअघि लहान नगरपालिकाको समन्वयमा सुरु भएको संरक्षण परियोजनाले यहाँ नयाँ आशा जन्मायो, जैविक तटबन्ध । केयर नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन), राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल र गाउँलेको सामूहिक प्रयास तथा श्रमदानबाट यो तटबन्ध निर्माण गरिएको थियो ।

बर्खा सुरु हुनुअघि नै स्थानीय स्रोत साधनको उपयोग गर्दै बाँस, घाँस, बिरुवा र स्थानीय प्रजातिका बोटबिरुवा लगाएर नदी किनारलाई मजबुत बनाउने काम थालियो । सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का कार्यक्रम अधिकृत टेकेन्द्र साह भन्छन्, 'जैविक तटबन्ध बनाउँदा खर्च कम हुने, दीर्घकालीन रूपमा माटो सम्हाल्ने क्षमता बढ्ने र वातावरण मैत्री हुने भएकाले हामीले यसलाई प्राथमिकता दिएका हौं ।'

केयर नेपालका कार्यक्रम व्यवस्थापक जगदिश भट्टकाअनुसार, यस परियोजनाअन्तर्गत बेतहा क्षेत्रमा तीनवटा जैविक तटबन्ध निर्माण गरिएको छ । भट्ट भन्छन्, 'संस्थाको तर्फबाट केही न्यूनतम बजेट र स्थानीयको श्रमदानबाट यस्ता जैविक तटबन्ध निर्माण गरिएका हुन्, जसले पहिरो नियन्त्रणमा पनि काम गरिरहेको छ ।' उनका अनुसार अन्य ठाउँमा पनि स्थानीयसँगको सहकार्यमा क्रमश जैविक तटबन्ध निर्माण गरिनेछ ।

यस प्रकारको तटबन्ध सफल अनि प्रभावकारी देखिएको वडा नं १५ का अध्यक्ष तेजनारायण चौधरीको भनाइ छ । उनी आफ्नो वडा बाढी, पहिरो र नदी कटानको बढी जोखिम क्षेत्र भएकाले अन्यन्त्र पनि यस्तै विधि अपनाई नियन्त्रण गर्न लागिपर्ने बताउँछन् ।

कटान रोक्न सकिने भएपछि स्थानीयको उत्साह झन् बढेको छ । वर्षौंदेखि खोला कटानको भयले असुरक्षित महसुस गर्दै आएका उनीहरू अहिले भने आत्मविश्वासका साथ भविष्य कल्पना गर्न थालेका छन् । 'हामीले आफैंले बनाएको सुरक्षाले अब ढाडस दिएको छ,' स्थानीय विचारी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कर्णबहादुर तामाङले भने, 'समुदायको श्रम र एकताको बलले खोलोलाई नियन्त्रण गर्न सकिने रहेछ भन्ने बुझ्यौं । यसले हामीलाई हाम्रो बस्ती सुरक्षित रहन्छ भन्ने भरोसा दिलाएको छ ।' *रासस*

# पोखरामा दाइँ महोत्सव

गण्डकी- 'पोखरा सबै मौसमका लागि' भन्ने मूल नारासहित पोखरा पर्यटन परिषद्को आयोजनामा कृषिलाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ आज पोखरा महानगरपालिका-१९ पुरनचौरको चुरुङ्गामा दोस्रो संस्करणको दाइँ महोत्सव गरिएको छ ।

स्थानीय चुरुङ्गा टोल विकास संस्थासँगको सहकार्य तथा पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा दाइँ महोत्सव गरिएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले जानकारी दिए ।

कृषि पर्यटनमार्फत नेपालको पर्यटन क्षेत्रलाई अझ फराकिलो बनाउन, नयाँ पुस्तालाई परम्परागत कृषि प्रणालीबारे जानकारी गराउनुका साथै आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्द्धनमा टेवा पुऱ्याउन उद्देश्यले महोत्सव आयोजना गरिएको पहारीले बताए ।

यसैबीच महोत्सवको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरामा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धसँगै भावी पुस्तालाई परम्परागत कृषि प्रणालीको जानकारी गराउँदै कृषिप्रतिको आकर्षण बढाउन महोत्सव उपयोगी बन्ने विश्वास व्यक्त गरे । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने यस किसिमका गतिविधिले पर्यटन प्रवर्द्धनमा



विशिष्ट योगदान पुग्ने धारणा राखे ।

महोत्सवका कार्यक्रम संयोजक हरि भुजेलले कृषिका माध्यमबाट आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने, कृषकलाई प्रोत्साहन गर्ने, नयाँ पुस्तालाई परम्परागत कृषि प्रणालीबारे जानकारी गराउनेलगायत उद्देश्य राख्दै महोत्सव आयोजना गरिएको जानकारी गराए ।

परिषद्को आयोजनामा हरेक वर्ष असारे रोपाइँ महोत्सवसमेत आयोजना गर्दै आइएकामा उक्त महोत्सवमा सहभागी विदेशी पर्यटकले उत्पादनका प्रक्रियाबारे चासो राख्ने गरेकाले परम्परागत कृषि प्रक्रियाबारे जानकारी गराउन दाइँ महोत्सव गर्न लागिएको उनको भनाइ छ ।

महोत्सवका अवसरमा पोखरा महानगरभित्र सबैभन्दा बढी धान उत्पादन गर्ने पोखरा-२३ का कृषक फवेन्द्रकुमार गुरुङलाई सम्मान गरिएको थियो । उहाँलाई महानगरप्रमुख आचार्यले रु १० हजार र सम्मानपत्रसहित सम्मान गरेका हुन् । उनले करिब २०० रोपनीमा धानखेती गरी ५०० मुरी उत्पादन गर्दै आएको जानकारी दिए ।

दाइँ महोत्सवमा आएका विदेशी पर्यटकले यो महोत्सव आफ्ना लागि रमाइलो अनुभूति भएको बताउँदै परम्परागत शैलीबाट गरिने कृषि प्रणालीलाई निरन्तरता दिन आग्रह गरेका छन् । *रासस*


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**

## सडक डिभिजन धनकुटा

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना (संसोधित)

**सुचना प्रकाशन मिति २०८२/०८/१४**

यस डिभिजनबाट रास्ट्रिय दैनिकको मिति २०८२/०४/२१ को संस्करणमा प्रकाशित Invitation for Bids Notice No. :- ०२/२०८२/०८३ को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आवहान गरिएको तपशिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरूबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवंम् आर्थिक प्रस्ताव मध्ये मिति २०८२/०५/२० गते खोलिएको बोलपत्रदाताहरूका प्राविधिक प्रस्तावहरूको बोलपत्र मुलयांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०८२/०८/०८ को निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो संसोधित सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मितिः- २०८२/०८/२१ गते, आयतवार, समयः-१३:०० बजे, स्थानः- सडक डिभिजन धनकुटा**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएका बोलापत्रदाताहरूको नामावली |
|---|---|---|---|
| १. | RD/DKT/33701169/082/83/05 | Upgradation works of Guphapokhari shreejung poklabung simara road. | 1. Dobhan Nirman Sewa Pvt Ltd Dhankuta-7,Dhankuta<br>2. Awai Construction Chharagaun Ward No.4 Dhankuta<br>3. CDS/BIJAL J.V., Myanglung ward no.9 Terhathum<br>4. Sara Shristi Nirman Sewa Pvt. Ltd Dhankuta :4,Dhankuta<br>5. NECHALI RAI KANCHHA/ PUJA JOINT VENTURE, Phungling Municipality-09, Hangdewa, Taplejung.<br>6. DC construction Katari-13<br>7. KASHYAP/SOLM A JV Dhankuta Municipality:5,<br>8. East B.N. Construction Company chhathar Jorpati Rural Municipality-06 |

**डिभिजन प्रमुख**



**Nisdi Rural Municipality**

## Office of the Rural Municipality Executive

**Mityal, Palpa**
**Lumbini Province, Nepal**

### Invitation For Bids

**Notice no:- 05-082/83**
**First Date of Publication:-2082/08/14, BS, 2025-11-30 AD**

Nisdi Rural Municipality,Office of the Rural Municipality Executive invites electronic bid for the eligible bidders for the following works.

| S.N. | Contract Identification Number | Description of Works | Estimated Amount with VAT | Bid Security Amount | Last Date of Submission | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | NCB/NRM/WORKS/2082/83-03 | Construction of Galdha Health Post Truss Nisdi, Palpa. | 19,29,821.60 /- | 50,000/- | 30.Dce.25 | 3000 |
| 2 | NCB/NRM/WORKS/2082/83-04 | Construction of Thumkidanda Chamere Gufa Tourism plant Nisdi, Palpa. | 9,75,846.09/- | 25,000/- | 30.Dce.25 | 3000 |

**Further information to Bidders:-**

Account Number for bid document Purchase Name of the Bank:- LaxmiSunrise Bank Limited, Nisdi Branch Account no:- 0870560818703006
Account Number for bid security deposit Name of the Bank:- LaxmiSunrise Bank Limited, Nisdi Branch Account no:- 0870560818703003

1. Bidder may download the bidding documents and submit their bids only electronically though www.bolpatra.gov.np/egp.
2. If the last date of purchasing, submission and opening falls on a government holiday then next working day shall be considered as last day.
3. After the completion of bid evaluation the letter of intent will be published on office website (www.nisdimun.gov.np)
4. Bidder can Submit Bid fee or bank security from Antarik rajashow portal of Nisdi Rural Municipality, Palpa.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### रिटायरहरूको क्लब बन्दै दल

मुलुकमा विकासका लागि राजनीतिमा युवा नेतृत्वको खोजी भइरहेको छ । शीर्ष दलहरूमा उमेर पाकिसकेका नेताहरूको रजगजले वाक्क जनताले युवा नेतृत्वको खोजी गरेका हुन् । तर दिनप्रतिदिन दलहरूको नेतृत्वमा प्रशासन वा विभिन्न पेशाबाट रिटायर भएकाहरू भर्ती हुने क्रम बढ्दो छ ।

यसका पछिल्लो उदाहरण हुन् पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) विश्वराज पोखरेलले । उनले राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेर राजनीतिमा छाउने उद्घोष गरेका छन् । रिटायर प्रहरी अफिसरहरू यसअघि नेपाली कांग्रेस, नेकपा एमालेमा पनि प्रवेश गरेर मन्त्रीसम्म बने ।

यसरी रिटायर प्रवेश गर्ने प्रहरीमात्र हैनन्, कलाकार, पत्रकार, व्यवसायी पनि छन् । आफ्नो उर्बर समय पेशा व्यवसायमा लगाए पनि धेरैजसो सम्मान, शक्तिको लोभमा राजनीतिमा भर्ती हुन्छन् । कर्मचारी होस् या व्यवसायी आफू दलमा नपसुन्जेल चर्को प्रश्न गर्ने, आलोचना गर्ने, कुनै दलमा प्रवेश गर्न साथ फरक व्यवहारमा उत्रने रोग नै हो ।

यो पटकको निर्वाचनमा पनि धेरैजस्तो यसखाले पात्रहरू उम्मेदवार बन्दैछन् । दलहरूले पनि यस्तै रिटायरहरूलाई खोजेर भर्ती गर्ने क्रम बढ्दो छ । खासमा राजनीति सत्ताको प्रतिपक्ष हो । सत्ताले जनतालाई अनेकन दुःख दिनेगर्छन् । सेवाग्राहीको समयमा काम नहुने, अड्डाअदालतमा काम अड्काइदिने । सानो काममा पनि घुस खोज्ने । कुनै पनि काम बन्न आफ्नै मान्छे चाहिने । अनेकन बहाना बनाएर सेवाग्राहीलाई घुमाउने ।

सोझालाई फसाउन कानुनको गलत प्रयोग गर्ने काम सत्ताले गर्ने गर्छ । जसकारण यसको विरोधमा जसले आवाज उठाउँछ, जनताले उसैलाई साथ दिन्छ । प्रजातन्त्रको स्थापनापछि जनताले प्रजातान्त्रिक दलहरूलाई किन मन पराए ? यसको एउटै कारण हो सत्तामाथि ती दलका नेताहरूले खबरदारी गरेर ।

अहिलेको दलका चरित्र भने सत्तामा बसेर मह चाटेका, रिटाएर भएकाहरूलाई खोजीखोजी ल्याएर भर्ती गर्न थालेका छन् । यो भनेको सत्तासँग काँध मिलाउनु हो । यस्तो हुनु भनेको जनताको काम गर्न छाड्नु हो । त्यसैले जनताको प्रिय बन्ने हो भने रिटायरहरूलाई भित्र्याउने काममा दलहरू लाग्नुहुन्न । जसले जनताको पक्षमा काम गर्छ, जोसँग नीतिगत रूपमा देश विकासको खाका छ । जोसँग निहीत स्वार्थ छैन, यस्ता व्यक्तिलाई दलमा भित्र्याउनुपर्छ । निर्वाचनमा उम्मेदवार पनि यस्तै व्यक्तिहरूलाई बनाउनुपर्छ । अनिमात्र राजनीतिका मुल उद्देश्य पुरा हुन्छ र लोकतन्त्र फस्टिएर देशको विकास हुन्छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# स्वास्थ्यका लागि चिया कफी कत्तिको उपयोगी ?



प्रा.डा. प्रकाशराज रेग्मी

> रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो । दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ । स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ । अर्थात् एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन् । तर कफी पिउन हुने/नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ ।

धेरै जनाको बिहानको सुरुआत प्रायः चिया वा कफीबाट हुन्छ । चिया, कफी साथीहरू भेट भएर कुरा गर्ने माध्यम पनि हो । त्यसैले चिया वा कफी धेरैको दैनिकीको अभिन्न अंग बनेको छ । यसका फाइदा बेफाइदाका बारेमा विभिन्न अध्ययन अनुसन्धानहरू भएका छन् । विश्वका धेरै देशहरूमा चिया, कफीको सेवन निकै हुने गरेको छ । अझ जाडोको समयमा त यसको सेवन निकै नै हुने गर्दछ । नेपालमा पनि तराईदेखि हिमाली भेगसम्म यसको प्रयोग हुने गर्दछ । पछिल्लो समय कफीको प्रयोग गर्नेहरूको संख्या ह्वात्तै बढेको छ । नेपालमा चिया र कफी खेती पनि हुने भएकाले यसको प्रयोगलाई सामान्य रूपमा लिने गरिन्छ । यहाँ चिया र कफीको प्रयोग स्वास्थ्यका दृष्टिले कत्तिको लाभदायक छ भन्ने कुरा उल्लेख गरिएको छ ।

संसारभरि पानीपछि सबैभन्दा धेरै पिइने पेयपदार्थ चिया नै हो । हामीले धेरैथरी चिया पिउने गर्छौं- दूध हालेको सेतो चिया, दूध र मसला दुवै हालेको मसला चिया, केही पनि नहालेको कालो वा हरियो चिया, आयुर्वेदिक जडीबुटी मिसिएको हर्बल चिया आदि । धेरैले चियामा चिनी हालेर पिउँछन्, कसैकसैले चिनी नहालेको चिया मन पराउँछन् । दूध-चिनी हाली आगोमा भकभकी उमालेर पकाएको चिया स्वादिलो हुने हुँदा धेरैको रोजाइमा पर्छ । स्वास्थ्यका जानकारहरूले यस्तो चियाले स्वास्थ्यमा हानि पुऱ्याउँछ भनी खबरदारी गर्छन् । यस्तो खबरदारीलाई ध्यानमा राखेर केही मानिसले चियामा दूध-चिनी केही पनि नमिसाइ कालो चिया पिउने गर्छन् । कतिपयले त स्वास्थ्यलाई फाइदा गर्छ भनेर हरियो चिया मीठो नलागे पनि पिउने गर्छन् ।

## कस्तो चिया फाइदाजनक ?

स्वास्थ्यका हिसाबले चिया सेतो, कालो या हरियो कुन फाइदाजनक छ भन्नेबारे धेरैलाई जान्ने उत्सुकता हुन्छ । हामीले दिनदिनै दुई-चार कप चिया पिएकै हुन्छौं । हरियो र कालो दुवै चिया एउटै जातको 'क्यामेलिया' नामक वनस्पतिबाट उत्पादन हुने गर्छ । चिया बगानबाट चियापत्ती टिप्दा त्यो हरियो हुन्छ, त्यसलाई प्रशोधन गरेपछि त्यो कालो हुन्छ । हरियो चिया भनेको सबैभन्दा कम प्रशोधित चिया हो । चियाको पातलाई जति धेरै प्रशोधन गरिन्छ त्यति नै मात्रामा त्यसमा भएका गुणकारी तत्वहरू नष्ट हुँदै जान्छन् । यो हिसाबले कालोभन्दा हरियो चियालाई बढी स्वास्थ्यवर्द्धक मान्नुपर्छ ।

हरियो चियामा स्वास्थ्यवर्द्धक तत्व पोलिफिनोल र क्याटेखिन बढी पाइन्छ भने कालो चियामा यिनीहरूको मात्रा अलि कम हुन्छ तर क्याफिनको मात्रा बढी हुन्छ । क्याफिनले शरीरलाई उत्तेजित पार्ने, नशा लाग्ने कारणले त्यति राम्रो मानिँदैन । चियामा भएको गुणकारी तत्वहरू पोलिफिनोल आदिले मुटु, हड्डी, पेट आदिलाई फाइदा गर्छ । यसले क्यान्सरको रोकथाममा पनि मद्दत पुऱ्याउँछ । मधुमेह, उच्च रक्तचापजस्ता समस्यालाई पनि कम गर्न सहयोग गर्छ ।

चियालाई धेरै बेर उमाल्यो, त्यसमा दूध र चिनी मिसायो भने पोलिफिनोल, क्याटेखिन आदि गुणकारी तत्वहरू निष्क्रिय भइदिन्छन् । यसकारण स्वास्थ्यका हिसाबले सोझो अर्थमा चिया कालोभन्दा हरियो राम्रो, दूध-चिनी हालेको भन्दा नहालेको राम्रो । हामीले पोलिफिनोल एन्टिअक्सिडेन्ट चियाबाटै किन लिनुपऱ्यो ? फलफूल, सागसब्जी, गेडागुडी, ड्राइफ्रुट्स आदिबाट प्रशस्त फाइबर र एन्टिअक्सिडेन्ट पाउन सक्छौं । यी चिजहरू खाए भइहाल्यो नि ! चियाको स्वाद बिगारी-बिगारी टर्रो चिया नै किन पिउनुपऱ्यो !

कोक, फेन्टा, स्प्राइट, रेडबुलजस्ता पेयपदार्थहरू पिउनुभन्दा आगोमा भकभकी उमालेको दूध-चिनी हालेको चिया नै बढी फाइदाजनक हुन्छ । यस्तो चिया दैनिक एक-दुई कप पिउँदा केही पनि हानि छैन । तर जसले दैनिक दुई कपभन्दा बढी चिया पिउँछ, उसले विचार पुऱ्याउनुपर्छ कस्तो चिया पिउने ? कति कप पिउने ? कुनबेला पिउने ? चिनी-दूध हाल्ने कि नहाल्ने ? भन्ने कुरा आफ्नो स्वास्थ्यअनुसार विचार गर्न सकिन्छ । यदि तपाईंलाई मधुमेह रोग छ, रगतमा ट्राइग्लाइसेराइडको मात्रा धेरै बढेको (४०० भन्दा बढी नै) छ, शरीर मोटो छ भने चियामा चिनी नहाली पिउनुहोस् । तपाईंले हरियो चिया पिएको राम्रो ।

पेटको समस्या छ, पेट फुल्छ, पोल्छ, ग्यास्ट्रिक बढ्ने समस्या छ, डकार धेरै आउँछ, अमिल्युकी आउँछ भने चियामा दूध नहालेको राम्रो । यस्तो समस्या भएकाहरूले दूधबिनाको कालो या हरियो चिया पिउँदा राम्रो हुन्छ । तर तपाईं चियाको असाध्यै पारखी हुनुहुन्छ, सेतो दूध हालेको चिया मन पराउनुहुन्छ भने खाली पेटमा नपिउनुहोस् । पहिले अलिकति पानी पिउनुहोस् अनि दूध हालेको चिया पिउनुहोस्, दैनिक एक कपभन्दा बढी सेतो चिया नपिउनुहोस् । चियामा अदुवा मिसाएर पकायो भने स्वाद पनि बढ्छ, पेटलाई फाइदा पनि हुन्छ ।

तौल घटाउने इच्छा छ भने दूध-चिनी नहालेको हरियो चिया दैनिक चार कपसम्म पिउनुहोस् । यसभन्दा धेरै पिउँदा हानि पुग्न सक्छ, विचार पुऱ्याउनुहोस् । तपाईं स्वस्थ हुनुहुन्छ भने दैनिक दुई कपसम्म दूध-चिनी हालेर भकभकी पकाएको नेपाली चिया आनन्दपूर्वक पिउन सक्नुहुन्छ । चियामा रहेको पौष्टिक तत्व नष्ट भयो भनी चिन्ता नगर्नुहोस्, चियाको स्वादमा रमाउनुहोस् । तर दैनिक दुई कपभन्दा बढी यस्तो चिया नपिउनुहोस् । धेरै भयो भने यसमा भएको क्याफिनले नशा लाग्छ, उत्तेजित बनाउँछ, अनिद्रा गराउँछ, रक्तचाप बढाउँछ, मुटुको धड्कन बढाउँछ ।

यसकारण सावधानीका साथ चियाको मज्जा लिनुहोस् । चिया सेतो कि कालो पिउने भन्ने विषयमा धेरै नसोच्नुहोस् । तपाईंलाई जुन चियाको बढी स्वाद लाग्छ त्यही चिया पिउनुहोस् तर सावधान ! धेरै नपिउनुहोस् ।

## कफीको नशा

चियाजस्तै कफीको स्वादमा रमाउने मानिस पनि विश्वमा धेरै छन् । धेरैलाई कफीको नशाबारे थाहा छैन । कफी र रक्सी दुवैमा नशा लाग्ने तत्व हुन्छ । कडा कफी पिउने बानी भएकाहरूलाई कफी र रक्सीमध्ये एउटा छोड्नुपर्दा उनीहरू रक्सी छोड्छन् । रक्सी छोड्नसक्ने तर कफी छोड्न नसक्ने भनेको रक्सीमाभन्दा पनि कडा नशा कफीमा छ भनी बुझ्नुपर्छ । चुरोटमा हुने निकोटिन र रक्सीमा हुने अल्कोहलले स्वास्थ्यमा गम्भीर असर पार्छ । रक्सी र चुरोटको लत बसेकाहरूले यो छोड्दा हात काम्ने, टाउको दुख्ने, छटपटी लाग्नेजस्ता समस्या देखा पर्छन् । यसलाई 'विड्रअल इफेक्ट' भनिन्छ । कफीको लत बसेकाहरूले कफी पिउन नपाउँदा यस्तै अवस्था उत्पन्न हुन्छ ।

संसारमा धेरै पिइने पदार्थहरूमध्ये एक हो कफी । विकसित राष्ट्रहरूमा आधा जनसंख्याले कफी सेवन गर्ने गरेका छन् । त्यहाँ प्रत्येक दिन एक जनाले सरदर तीन कप कफी पिउने गर्छन् । कफीको उत्पादन भने सबैभन्दा बढी विकासोन्मुख राष्ट्रहरूमा हुने गरेको छ । कफीको खेती संसारका ७० भन्दा बढी देशमा गरिन्छ । सबैभन्दा धेरै कफी उत्पादन गर्ने देश ब्राजिल हो । यो देशले संसारको कूल ३५ प्रतिशत कफी उत्पादन गर्दछ । नेपालमा पनि कफीको उत्पादन हुन्छ । नेपालमा पाल्पा र गुल्मीका कफीहरू प्रख्यात छन् ।

## कति पिउने कफी ?

रक्सीमा इथानोल र चुरोटमा निकोटिन भएजस्तै कफीमा क्याफिन हुन्छ । यसमा एक प्रकारको लत वा नशा बस्छ । मान्छेले एकपटक पिएपछि फेरि पनि पिउँपिउँ जस्तो लाग्ने कारण यही हो । दुई चिया चम्चा धुलो कफी मिसाएको एक कप कफीमा सय मिलिग्राम क्याफिन हुन्छ । स्वास्थ्यका दृष्टिले दैनिक दुई सयदेखि चार सय मिलिग्रामसम्म क्याफिन पिउन सुरक्षित मानिन्छ । अर्थात् एक जनाले दुईदेखि चार कपसम्म दैनिक कफी पिउन सक्छन् । तर कफी पिउन हुने/नहुने भन्ने कुरा व्यक्तिको स्वास्थ्य स्थितिमा भर पर्छ ।

क्याफिन तत्व कफीमामात्रै नभएर चकलेट, चिया, कोल्ड ड्रिंक्स र इनर्जी ड्रिंक्समा पनि पाइन्छ । इनर्जी ड्रिंक्स पिउँपिउँ लाग्ने कारण पनि क्याफिनको नशा लागेर हो । कफीले स्वास्थ्यमा असर पार्छ भन्ने कुरा विज्ञानले पनि पुष्टि गरेको छ । यसले दिमाग र मुटुमा असर पार्ने, मुटुलाई उत्तेजित बनाउने एवं पाचन प्रणालीमा पनि असर गर्छ । थोरै प्रयोगले खासै असर नगरे पनि, धेरै हुनेबित्तिकै पाचन प्रणालीमा असर पार्छ । दैनिक चार कपभन्दा बढी कफीलाई धेरै मान्नुपर्छ । कफी धेरै पिउँदा छटपटी हुने, चक्कर लाग्ने, हात काँप्ने, निद्रा नलाग्ने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढ्ने, अपच हुनेजस्ता समस्या देखिन सक्छन् । धेरै भयो भने मृत्युसमेत हुन सक्छ । दिनमा ५० कपदेखि एक सय कपसम्म कफी पियो भने मृत्युसमेत हुन सक्छ । १० हजार मिलिग्राम क्याफिन शरीरमा पऱ्यो भने तत्काल मृत्यु हुनसक्छ ।

कुनै व्यक्तिलाई कफी शरीरमा पर्नेबित्तिकै आनन्द महसुस हुन्छ भने कतिपयलाई छटपटी हुन्छ । कसैकसैलाई अलिकति कफी पिउनेबित्तिकै असर पर्छ, यसलाई कफीमा 'सेन्सेटिभ' भएको भनिन्छ । कफीमा सेन्सेटिभ भएकाहरूलाई थोरै कफीले पनि छटपटी गराउने, जिउ तातेर आउने, मुटु हल्लिने, निद्रा नपर्ने, अपच हुने, रक्तचाप बढ्ने, छिटोछिटो पिसाब लाग्नेजस्ता स्वास्थ्य समस्या उत्पन्न गराउँछ । मुटुको धड्कन खराब भएकाहरूले दैनिक एक कपसम्म कफी पिउनु सुरक्षित मानिन्छ ।




विज्ञानले भन्छ-एक कप कफी गर्भवतीहरूका लागिसमेत सुरक्षित छ तर यसभन्दा बढी भएमा गर्भपात हुने वा कम तौल भएको बच्चा जन्मिने खतरा बढ्छ । १८ वर्ष उमेरमुनिका र गर्भवती महिलाले कफी नपिउँदा बेस हुन्छ । आफ्नो स्वादअनुसारको कफी पिउने गर्नुहोस् । कालो, दूध-चिनी नहालेको 'ब्ल्याक' अथवा 'मिल्क विथ सुगर', 'कफी लाटे', 'अमेरिकानो', 'एक्सप्रेसो', 'क्यापचिनो' आदि जुन स्वादिलो लाग्छ, छानीछानी पिउने गर्नुहोस् । यसबाट स्वाद, सन्तुष्टि र सुस्वास्थ्य प्राप्त हुन्छ ।

कफीले स्वास्थ्यमा पार्ने असरबारे धेरै अनुसन्धानहरू भएका छन् । कफी सेवन नगर्नेहरूको तुलनामा कफी सेवन गर्नेहरू धेरै वर्ष बाँच्ने गरेको कुरा वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरेका छन् । दैनिक दुईदेखि चार कपसम्म कफी पिउनेहरूमा अरूको तुलनामा १६ प्रतिशतले मृत्युदर कम भएको पाइएको छ भने २१ प्रतिशतले हृदयघातबाट हुने मृत्यु घटेको पुष्टि भएको छ । हृदयघात भइसकेकाहरूका लागि पनि कफीको सेवन लाभदायी देखिन्छ । दैनिक दुईदेखि चार कपसम्म कफी पिउँदा यसले स्वास्थ्यमा राम्रो असर पार्छ ।

विज्ञानले के पनि भन्छ भने कफीले मधुमेह र मुटुरोगबाट बचाउन मद्दत गर्छ । दिमागसम्बन्धी रोग- अल्जाइमर्स, डिमेन्सिया र डिप्रेसन हुनबाट रोक्छ । पार्किन्सन्स रोग, लिभर सिरोसिस र क्यान्सर हुनबाट पनि धेरै हदसम्म रोक्छ । हिजोआज धेरै मानिसलाई कलेजोमा बोसो जम्ने रोग छ । यसलाई नन अल्कोहोलिक फ्याट्टी लिभर पनि भनिन्छ । यसलाई पनि कफीले घटाउँछ भन्ने वैज्ञानिक मान्यता छ । तर गर्भवती महिला र १८ वर्षमुनिका बालबालिकाले कफी नपिउँदा राम्रो हुन्छ । किनकि उनीहरूलाई कफीमा हुने क्याफिनले नकारात्मक असर पुऱ्याउँछ । त्यसैले भरसक आफ्नो शरीरको स्थितिलाई विचार गरेर कफी पिउँदा राम्रो हुन्छ । दूध र चिनी नहालेको ब्ल्याक कफी पिउँदा स्वाद, सन्तुष्टि र सुस्वास्थ्यसमेत पाउन सकिन्छ । *रासस*

*(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)*

# पर्या-पर्यटनको आकर्षक गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्ज

■ वासुदेव पौडेल



**बर्दिया–** नेपालको तराई क्षेत्रको सबैभन्दा ठूलो संरक्षित क्षेत्रका रूपमा बर्दिया राष्ट्रिय निकुञ्जले चासो र चर्चा कमाएको छ। सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापित यो निकुञ्ज पछि बर्दिया वन्यजन्तु आरक्ष हुँदै २०४५ मङ्सिर २० गते बर्दिया राष्ट्रिय निकुञ्जका रूपमा घोषणा भएको हो ।

यस निकुञ्जले बर्दियाको भूमि भएर बग्ने कर्णाली र बबई नदीका केही भागसमेत समेटेको छ । यसको कुल क्षेत्रफल ९६८ वर्गकिलोमिटर रहेको छभने यसको मध्यवर्ती क्षेत्र ५०७ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ । स्थानीय जनतालाई नियमित रूपले वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नेगरी २०५३ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो ।

निकुञ्जअन्तर्गत चुरेको माथिल्लो भेगमा केही सल्लाका जङ्गल रहे पनि तराईतर्फको अधिकांश भाग सालको जङ्गलले ढाक्नाका साथै बीचमा विशाल घाँसेमैदान रहेका छन् । विशेषतः पाटेबाघको मुख्य वासस्थान क्षेत्र रहेका कारण उनीहरूको आहारा प्रजातिको वासस्थान संरक्षण गर्ने उद्देश्यले यस निकुञ्जको स्थापना गरिएको हो ।

सन् २०२२ को गणनाअनुसार यस निकुञ्जमा १२५ वटाको सङ्ख्यामा बाघ रहेको बर्दिया संरक्षण क्षेत्रका अध्यक्ष राजन चौधरीले जानकारी दिए । उनका अनुसार विश्वका १३ वटा देशमा चार हजार ८०० को सङ्ख्यामा बाघ भएको पाइएको छ। बाघ भूमिका रूपमा बर्दियाले आफ्नो विशिष्ट स्थान बनाएको बताउँदै चौधरीले यो क्षेत्र नमूना सिकाइको ठाउँका रूपमा पनि विकास भएको बताए । 'बाघकै कारण विश्वको ध्यान बर्दियामा आकर्षित भएको छ, यहाँ बाघका ठूला ठूला अनुसन्धानसँगै विभिन्न डकुमेन्ट्री पनि बनेका छन्', चौधरीले भने ।

बाघसँगै अन्य जनावरका साथै विविधतायुक्त वनस्पति समेतले यो पर्या-पर्यटनको विशिष्ट गन्तव्यका रूपमा स्वदेश एवम् विदेशमा चासो र चर्चा कमाइरहेको उनले जानकारी दिए । बर्दिया राष्ट्रिय निकुञ्जमा बाघसँगै हात्ती, एकसिङे गैँडालगायत ६२ भन्दा बढी स्तनधारी प्रजातिका जनावर रहेका छन्। यस निकुञ्जमा ५१५ भन्दा बढी प्रजातिका चरा, विभिन्न प्रजातिका घस्रने वन्यजन्तुका साथै १२१ प्रजातिका माछा पाइने उक्त क्षेत्रमा पर्यटक पथप्रदर्श मञ्जु महतराले जानकारी दिइन्। पर्या-पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा बर्सेनी स्वदेशी एवम् विदेशी पर्यटकको सङ्ख्या बढिरहेको महतराले जानकारी दिइन्।

यहाँ आउने पर्यटकका लागि निकुञ्जले प्रवेश शुल्क वापत नेपालीका लागि एक सय रूपैयाँ, सार्क राष्ट्रका पर्यटकका लागि ७५० रूपैयाँ र विदेशी पर्यटकका लागि एक हजार पाँच सय रूपैयाँ शुल्क निर्धारण गरेको छ। यहाँ घुम्नका लागि प्रयोग हुने जीप, पर्यटक पथप्रदर्शकका लागि भने थप शुल्क लाग्ने गर्दछ। संसारमा सजिलै बाघ देख्न सकिने ठाउँका रूपमा ठूलो संख्यामा विदेशी पर्यटकको पनि आगमन बढिरहेको बताउँदै महतराले पछिल्ला वर्षमा आन्तिरिक पर्यटकको आगमन पनि उत्साहजनक रूपमा बढेको जानकारी दिइन्। निकुञ्जअन्तर्गत हालसम्म तीन वटा सेक्टर, आठ वटा रेन्जपोस्ट र २४ वटा पोस्टबाट जैविक विविधताको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक सेवासम्बन्धी कार्य हुँदै आएका छन्। नेपालको दोस्रो ठूलो सङ्ख्यामा प्रभावकारी रूपमा बाघ संरक्षण भएको यो निकुञ्जले २०२२ मा बाघ दोब्बर बनाउन सफल भएको थियो। त्यसबापत निकुञ्ज टिएक्सटु पुरस्कारबाट सम्मानित भएको थियो ।

यो निकुञ्ज सफल रूपमा गैँडाको स्थानान्तरण भएको राष्ट्रिय निकुञ्जका रूपमा समेत चर्चित छ । यस निकुञ्जमा ३८ वटा एकसिङे गैँडा तथा १२० भन्दा बढी हात्ती रहेको महतराले जानकारी दिइन्। निकुञ्जमा बाह्रसिङ्गा,घडियाल गोही आदि रहेका छन् । निकुञ्जमा आउने पर्यटकहरू यहाँ देखिने बाघ, गैडा, हात्ति, घडियाल गोही, विभिन्न प्रजातिका चराचुरुङ्गीका साथै जैविक विविधता हेर्न लोभिने गरेको उनले बताइन् ।

> सन् २०२२ को गणनाअनुसार यस निकुञ्जमा १२५ वटाको सङ्ख्यामा बाघ रहेको थियो । विश्वका १३ वटा देशमा चार हजार ८०० को सङ्ख्यामा बाघ भएको पाइएको छ । बाघ भूमिकारूपमा बर्दियाले आफ्नो विशिष्ट स्थान बनाए क्षेत्र नमूना सिकाइको ठाउँका रूपमा पनि विकास भएको छ । 'बाघकै कारण विश्वको ध्यान बर्दियामा आकर्षित भएको छ, यहाँ बाघका ठूला ठूला अनुसन्धानसँगै विभिन्न डकुमेन्ट्री पनि बनेका छन्', ।

निकुञ्जका कारण यहाँको पर्यटनमा विशिष्ट योगदान पुगेको विगत ३१ वर्षदेखि यस क्षेत्रमा जङ्गल हेभेन होटेल एण्ड कटेजका सञ्चालक पर्यटन व्यवसायी कृष्णप्रसाद भट्टराईले बताए । उनका अनुसार यस क्षेत्रमा आउने पर्यटकका लागि स्तरीय खाने, बस्ने सुविधा रहेका छ । विशेषतः २०६२/६३ देखि नेपालीमा पनि घुम्ने क्रम निकै बढिरहेको बताउँदै उनले पछिल्लो समयमा आन्तरिक एवम् विदेशी पर्यटकको आगमन निरन्तर हुने गरेको जानकारी दिए। देशका विभिन्न भागबाट आउने आन्तरिक पर्यटकसँगै विदेशी पर्यटकहरू आउने गरेको यस निकुञ्ज विद्यार्थीहरूको सिकाइ उपलब्धि गर्ने थलोका रूपमा समेत विकास भैरहेको उनको भनाइ छ।

निकुञ्ज क्षेत्रमा स्तरीय पर्यटकीय होटल तथा होमस्टे भएका कारण यहाँ आउने जो कोहीलाई खान बस्नको कुनै असुविधा नरहेको उनले बताए। कोरोना कहरअघि आगमन उत्साजनक रूपमा बढेकामा कोरोना कहरका कारण केही समय प्रभावित बनेको यहाँको पर्यटन पुनः चलायमान भइरहेको यहाँका पर्यटन व्यवसायी बताउँछन्।

बाघ नै यहाँका मुख्य आकर्षण रहेको र यो बाघको उर्वर भूमिका रूपमा परिचित छ । पर्या-पर्यटन विकास मञ्च, ठाकुरद्वाराका अध्यक्ष कृष्णप्रसाद भट्टराईका अनुसार बर्दिया राष्ट्रिय निकुञ्जमा प्रतिवर्ग किलोमिटरमा ९६ प्रजातिका बाघका आहारा प्रजातिका जनावर पाइन्छन्। सन् २०१९ मा यस निकुञ्ज संसारकै घुम्नैपर्ने गन्तव्यका रूपमा सूचीकृत भएको थियो । यहाँको संरक्षण एवम् प्रवर्द्धनका लागि राष्ट्रिय निकुञ्ज व्यवस्थापन, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेचर गाइड एशोसियसन, समुदायमा आधारित वन्यजन्तु तस्करीविरुद्ध काम गर्ने एकाइ, चरा प्रकृति संरक्षण क्लब, मध्यवर्ती समिति, नेपाल पर्यटन बोर्ड, ठाकुरबाबा नगरपालिकालगायत संस्थाहरू सक्रिय छन्।

निकुञ्ज आसपासको सांस्कृतिक मौलिकता पनि आफैँमा विशिष्ट छ । थारु जातिको बस्ती, रहनसहन, संस्कृति, खानपिनले पनि यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । आन्तरिक पर्यटकहरू जीप वा पैदल जङ्गल सफारी, फिसिङ, र्‍याफ्टिङ, चरा अवलोकन, हात्ती सयर, क्याम्पिङ, सङ्ग्रहालय भ्रमण, गोही तथा हात्ती प्रजनन् केन्द्र भ्रमणजस्ता विविध पर्यटकीय गतिविधिमा रमाउने गरेका छन्। हालसम्मको अवस्थामा यहाँ आएका आन्तरिक पर्यटक सामान्यतः एक रात मात्र बिताउँछन् । बर्दियामा पर्यटकको बसाइ कसरी लम्ब्याउन सकिन्छ भन्नेतर्फ ध्यान केन्द्रित भएको यहाँका पर्यटन व्यवसायी बताउँछन्।

अर्का पर्यटक पथप्रदर्शक रेशम थापाका अनुसार बर्दिया राष्ट्रिय निकुञ्ज मानवरहित नदीमा बसेर बाघ हेर्न पाउने गन्तव्य पनि हो । चरा पर्यटनका लागि पनि यो उत्तिकै महत्वपूर्ण रहेको थापाले बताए। 'बर्दिया राष्ट्रिय निकुञ्जमा पैदल यात्रा गरेर पनि यहाँका बन्यजन्तु, वनस्पति आदि हेर्न सकिन्छ', उनले भने, 'राम्रोसँग हेर्ने घुम्ने हो भने यहाँ चार/पाँच दिन बसेर घुम्न सकिने अवस्था छ ।' बर्दिया पर्या-पर्यटनका दृष्टिले पनि विशिष्ट गन्तव्य बनिरहेको उल्लेख गर्दै थापाले बर्दियामा विभिन्न स्वदेशी एवम् विदेशी संस्थाले यहाँ बृत्तचित्रहरू पनि बनाएको जानकारी दिए ।

बर्दिया राष्ट्रिय निकुञ्ज चरा पर्यटनका लागि महत्वपूर्ण गन्तव्यका रूपमा स्वदेशी एवम् विदेशी पर्यटकको गन्तव्य बनिरहेको चराका क्षेत्रमा लामो समयदेखि अध्ययन अनुसन्धान गरिरहनुभएका पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउँछन् । उनका अनुसार कर्णाली चिसापानीदेखि डुंगामा शयर गर्दै धेरै प्रजातिका चराहरू अवलोकन गर्दै पर्यटकहरू यहाँको गेरुवा खोलासम्म पुग्ने गर्दछन्। चिसापनीदेखि गेरुवा खोलासम्म चराहरू हेर्दै डुंगामा शयर गर्न सकिने बताउँदै उनले त्यसका लागि एक दिन छुट्याउनुपर्ने जानकारी दिए । प्राकृतिक रूपमा सम्पन्न यस क्षेत्रको प्रवर्द्धनका लागि आफूहरू निरन्तर लागिरहेको ठाकुरबाबा नगरपालिकाका प्रमुख तिलक लम्सालले जानकारी दिए। यी सम्भावनालाई उजागर गर्न राज्यका तीनवटै निकाय लाग्नु जरुरी रहेको बताउँदै उहाँले संरक्षणमा राज्य र नागरिक दुबै पक्ष जिम्मेवार बन्नुपर्ने आवश्यकता औँल्याए। *रासस*

# पहाडबाट झरेर तराईमा जडीबुटी व्यावसाय

**धरान–** सङ्खुवासभामा जन्मेर हिमाली भेगको चिसो हावापानी र भिरालो डाँडाकाँडामा हुर्किएकी आचुङ्मा भोटे विगत १६ वर्षदेखि तराई झरेर जडीबुटी व्यवसाय गर्दै आएकी छन्। इटहरी उपमहानगरपालिका-६ टेङ्ग्रा खोला नजिकै हटियालाइनमा खुला आकाश मुनि विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै उनले राम्रो आम्दानी गर्दै आएकी छन्।

भोटेका अनुसार जडीबुटी व्यवसाय उनीहरूको पुर्खौली पेसा नै हो । जिजुबाजेदेखि बुबाआमासम्मकै पुस्ताले जडीबुटी सङ्कलन तथा बिक्री गर्दै आएको परम्परालाई उनले निरन्तरता दिइरहेको बताइन्। भोटेले भने, 'पहाडमा पहिला अस्पताल र सडक सुविधा नहुँदा बिरामी पर्दा हामीले यही जडीबुटी प्रयोग गर्ने गरेका थियौँ । यही ज्ञानलाई निरन्तरता दिँदै तराई झरेर यही व्यवसाय सुरु गरेकी हुँ ।'

पहिला हिउँद सुरु भएपछि लेकाली क्षेत्रमा पाइने जडीबुटी बोकेर बुबाआमाले कुम्लोमै बोकेर महिनौ दिन हाटबजारमा बिक्री गर्दै तराई झर्छिन् । अहिले भने सडक यातायातको पहुँच पुगेसँगै गाउँमै पनि व्यापार गर्न सहज भएको छ। सुरुमा शहरको बसाइ र गर्मीको मौसम निकै गाह्रो भए पनि विस्तारै बानी पर्दै गएपछि व्यवसाय वृद्धि हुदै गएको उनको भनाइ छ। अहिले दैनिक रूपमा रु ६ हजारदेखि रु १० हजारसम्म आम्दानी हुने गरेको छ । आइतबार हटियाको दिन भने रु १५ हजारदेखि रु २० हजारसम्म आम्दानी हुने गरेको भोटेले जानकारी दिइन्।

भोटेको पसलमा हाल १०० भन्दाबढी जडीबुटी बिक्रीका लागि राखिएका छन् । रु ५ देखि रु २० हजारसम्मका जडीबुटी बिक्रीका लागि उपलब्ध छन् । रक्सी बनाउन प्रयोग हुने मर्चादेखि धार्मिक तथा सांस्कृतिक प्रयोजनका सामग्रीसम्म बिक्रीमा छन्। किरात समुदायले साकेला पर्वमा प्रयोग गर्ने चौरीको पुच्छरसमेत उनले बिक्रीका लागि राखेकी छिन्।

भोटेले शिलाजित, पदमचाल, सुगन्धवाल, टिमुर, हिँग, केसर, बतिसा, जेठिमधु, यार्सागुम्बासहित विभिन्न प्रकारका जडीबुटी बिक्री गर्दै आएकी छन् । उनी भन्छिन्, 'अहिलेसम्म कुनै पनि ग्राहकबाट नकारात्मक प्रतिक्रिया आएको छैन, एकपटक सामन किनेर गएपछि अर्को पटक फर्केरै आउनुहुन्छ, यही मेरो सफलताको आधार हो। अहिले धेरैजसो काठमाडौँ, विराटनगर, वीरगञ्ज, मोरङ, झापालगायत स्थानबाट फोनमार्फत धेरै अर्डर आउने गरेको छ।'

सोही ठाउँमा जडीबुटी व्यवसाय सञ्चालन गर्दै आएकी पासाङ ल्यामु भोटियाले पनि १५ वर्षदेखि यही पेशालाई आत्मनिर्भरताको आधार बनाउँदै आएको बताउँछिन्। उनले भनिन्, 'घरखर्चदेखि बालबच्चाको पढाइलेखाइसम्म सबै खर्च यही व्यवसायबाट धानिँदै आएको छ जडिबुटी व्यवसायबाट राम्रो भएको छ आम्दानी मेरो आम्दानीको श्रोत नै यही हो।'

लेकमा जन्मेर तराई झरेको पहाडी भेगको चिसो हावापानीसँग खेलेर हुर्केको सुरुमा गर्मी ठाउँमा झरेर व्यापार गर्दा निक्कै गाह्रो भएको थियो । अहिले भने घाम सहन बानी परिसक्यो व्यापारमा पनि सहज भएको छ । भोटियाले भनिन्, 'यो जडिबुटी भनेको हाम्रो पुर्खौली पेसा नै हो ।' अन्य पेसामा ज्ञान नभएका कारणे पुर्खौली पेसा जडीबुटी व्यवसाय नै रोजेको उनले बताइन् । बिक्रीका लागि जडिबुटी, सङ्खुवासभा, भोटखोला, साथै नेपालका विभिन्न ठाउँ र भारतबाट जडीबुटी आउने गरेको भोटियाले बताइन्।

सङ्खुवासभाको चेपुवा, हटिया, भोटखोला, होङ्गोङ, गोलालगायत हिमाली क्षेत्रका शेर्पा तथा भोटे समुदायमा हिजोआज पनि जडीबुटी सङ्कलन तथा बिक्री परम्परागत पेसाका रूपमा चलिआएको छ । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : SAFIR INTERNATIONAL HOTELS AND RESORTS MANAGEMENT CO WLL

पूर्व स्वीकृति मिति : २०८२/०२/३० | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०८/१३ | LT. No. 306421 | चलानी नं. ६०२२११३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 40 | 37 | 85 | ३९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Data Entry Operator | 5 | 0 | 250 | १३,२४८० | | | | | | | |
| 3. | Driver | 8 | 0 | 185 | ८५,९९६ | | | | | | | |
| 4. | MESSENGER (INDOOR: | 35 | 0 | 100 | ४६,४८५ | | | | | | | |
| 5. | Security Guard | 40 | 0 | 150 | ८५,९९६ | | | | | | | |
| 6. | SKYSCRAPER | 10 | 0 | 350 | १,६२,६९५ | | | | | | | |
| 7. | SUPERVISOR CLEANING (INDOOR) | 5 | 3 | 250 | १३,२४८० | | | | | | | |
| 8. | TEABOY | 40 | 0 | 100 | ४६,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १५ गते (1st Dec. 2025) मा हुनेछ । अन्तरवार्ता हुने स्थान: कास्की पोखराको जनप्रित थकाली वंशघरमा मिति: २०८२ मंसिर १६ गते (2nd Dec. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: सुनसरी इटहरी क्यान होटलमा मिति: २०८२ मंसिर १७ गते (3rd Dec. 2025) मा हुनेछ । अन्तरवार्ता हुने स्थान: धनुषा जनकपुरको देश प्रशिक्षण सिंह तालिम केन्द्रमा मिति: २०८२ मंसिर १८ गते (4th Dec. 2025) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर १९ गते (5th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## युएइ/कुवेतमा रोजगार

कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/१२ | LT. No. 334316 | चलानी नं. ६०२४७८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | 1000 | ३८,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician. | 10 | 0 | 1500 | ५८,३७५ | | | | | | | |
| 3. | A/c Technician | 10 | 0 | 1500 | ५८,३७५ | | | | | | | |
| 4. | A/c Technician | 10 | 0 | 1500 | ५८,३७५ | | | | | | | |
| 5. | Steel Fixer | 10 | 0 | 1500 | ५८,३७५ | | | | | | | |
| 6. | Carpenter | 10 | 0 | 1500 | ५८,३७५ | | | | | | | |

कम्पनी : PREP FOOD SUPPLIES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१२ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | cleaner | 10 | 0 | 120 | ५५,८५५ | | | | | | | |
| 3 | COMMI 1. | 10 | 0 | 150 | ६९,८२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | ११६,३७० | | | | | | | |
| 5 | labour | 10 | 0 | 120 | ५५,८५५ | | | | | | | |

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१२ | LT. No. 331996 | चलानी नं. ६०२४५७१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 200 | 0 | 1000 | ३८,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/१२ | LT. No. 323525 | चलानी नं. ६०२३७५०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 140 | 0 | 1050 | ४०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर २१ गते (8th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३९७/०६०/०६१
Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9813916322, 9810101810, E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com


# 'टिपिएस' विधिबाट आलुखेती

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-८ नौखरीका व्यावसायिक तरकारीखेतीमा संलग्न किसान महादेव चौधरीले यस वर्ष पहिलोपटक टिपिएस (ट्रयु पोटेटो सिडस) विधिबाट आलुखेती गर्नुभएको छ। चौधरीले आलुको बिँडाबाट प्राप्त वास्तविक बियाँ प्रयोग गरी नर्सरीमा बिरुवा उत्पादन गरेपछि खेतमा सारेर उनाले बिरुवा रोपेका हुन्।

चौधरीका अनुसार टिपिएस विधिबाट प्राप्त बिरुवा रोगप्रतिरोधी, स्वस्थ र बढी उत्पादन दिने भएकाले यसलाई प्राथमिकता दिएको बताए। 'पहिले बियाँ रोपेर वेर्ना बनायौँ, त्यसपछि खेतमा सारेर रोप्यौँ', चौधरीले भने, 'यसबाट आगामी वर्ष रोगमुक्त उच्च गुणस्तरको बीउ उत्पादन गर्ने लक्ष्य छ।'

एक दशकदेखि व्यावसायिक तरकारीखेतीमा संलग्न चौधरीका लागि टिपिएस विधि बियाँ उत्पादनतर्फको प्रवेशको पहिलो अनुभवका रूपमा रहेको छ। आधुनिक आलु उत्पादन प्रविधि उपयोग गरेर बीउ उत्पादन लागत घट्ने, रोगको जोखिम कम हुने र उत्पादन वृद्धि हुने भएकाले नयाँ विधि अपनाएको चौधरीले बताए।

हाल चौधरीले दुई क√ा क्षेत्रमा बियाँबाट तयार पारिएका आलुका बिरुवा रोपेका छन्। आउँदो वर्ष दश क√ा जग्गामा यसै विधिबाट उत्पादन भएको मूल बीउ रोपेर रोगमुक्त आलु बीउ उत्पादन गर्ने लक्ष्य राखेका छन्। टिपिएसबाट उत्पादन हुने बीउको मूल्य अधिक हुने भएकाले आम्दानीमा उल्लेख्य वृद्धि हुने उहाँको अपेक्षा रहेको छ। चौधरीले हाल आलुसँगै काउली, गोलभेडा, खुर्सानी, बन्दागोभी, तिते करेला, काँक्रा, लौका, फर्सी र तने बोडी गरी दश क√ा क्षेत्रफलमा विविध सागसब्जीखेती गर्दै आएका छन्।

सागसब्जी उत्पादनबाट चौधरीले वार्षिक रु सात लाखभन्दा बढी आम्दानी गर्दै आएका छन्। 'टिपिएस आलुखेतीलाई भविष्यमा बीउ उत्पादन तथा आधुनिक तरकारी व्यवसाय विस्तारको मुख्य आधारका रूपमा लिएको छु', उनले भने, 'यसरी उत्पादन भएको आलुको बीउलाई व्यावसायिक रूपमा आलुखेती गर्ने किसानलाई उपलव्ध गराउने योजना छ।'

पहिलो पुस्ताको आलुको बीउ प्रयोग गरी खेती गरिए उत्पादन बढ्नुका साथै छ वर्षसम्म बीउका रूपमा प्रयोग गर्न सकिने उनी बताउँछन्। यस प्रविधिबाट आलुको बीउ उत्पादन गर्न किसानलाई सिकाउने उहाँले उद्देश्य लिएका छन्। बाह्य जिल्लाका किसानले बियाँबाट बिरुवा तयार गरी आलु रोपेको देखेर चौधरीले त्यो तरिका सिकेर आलुको बीउ उत्पादनमा संलग्न भएका हुन्। *रासस*


चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०८२/०८/१४

यस नगरपालिकाको लागि आवश्यक ल्याव केमिकलहरूको खरिद गर्न २०८२/०७/२५ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रितपूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रूपमा प्रभावग्राही देखिएको हसँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | बोलपत्र दाताको नाम | कवोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | CB/NCB/SQG/02 /082/083 | Procurement of Lab Chemicals And Commodity for Chainpur Hospital, Chainpur-6, Sankhuwasabha | Jay Guru Traders, Biratnagar Morang | Rs.15,28,310.00/- | |

प्रमूख प्रशासकीय अधिकृत

## गायिका सुनिता दुलालले कसिन् लगनगाँठो

गायिका सुनिता दुलाल विवाह बन्धनमा बाँधिएकी छिन् । शनिबार दुलालले राजेश केसीसँग लगनगाँठो कसेकी हुन् । काठमाडौंको एक रिसोर्टमा उनीहरूको विवाह भएको हो । यसअघि गत बिहीबार दुदलाले इन्गेजमेन्ट गरेकी थिइन् । दुलाल नेपाली लोक गीत क्षेत्रकी चर्चित गायिका हुन् । विशेष गरी तीज गीतमा उनको आफ्नै पहिचान रहेको छ ।





# कवि बैरागी काइँलालाई पहिचान सम्मान, राईलाई युवा सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं** – पहिचान पुरस्कार कोषले यस वर्ष वरिष्ठ कवि वैरावी काइँलालाई 'पहिचान सम्मान' दिने भएको छ । प्रत्येक पाँच वर्षमा दिइने यो पहिचान सम्मान यस वर्ष कवि, मुन्धुमविद एवम् नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति काइँलालाई प्रदान गरिने भएको छ । सम्मानको राशी ५ लाख दुई हजार दुई रूपैयाँ र ताम्रपत्र रहेको छ ।

त्यस्तै पहिचान युवा सम्मान यस वर्ष कवि गणेश कुमार राई (गिलु रातोस)लाई प्रदान गरिने भएको छ । युवा सम्मानको राशी ५० हजार दुई सय दुई रूपैयाँ छ र ताम्रपत्र रहेको पहिचान पुरस्कार कोषले जनाएको छ । यस अघि लेखक तथा राजनैतिक विश्लेशक खगेन्द्र संग्रौलालाई पहिचान सम्मान प्रदान गरिसकेको छ । कोषले निरन्तर चार वर्ष पहिचान पुरस्कार दिने गर्दछ भने प्रत्येक पाँच वर्षमा पहिचान सम्मान दिदै आएको छ । ४० वर्ष मुनिका युवाहरूलाई पहिचान युवासम्मान यस वर्षदेखि दिन घोषणा गरेको छ ।





# यम बरालसँग झुमे सिड्नीबासी

■ प्रभाव संवाददाता

**काठमाडौं** – सांगीतिक भ्रमणका लागि अस्ट्रेलिया पुगेका गायक यम बराल शुक्रबार सिड्नीमा गुञ्जिएका छन् । 'यम बराल लाइभ इन सिड्नी' सांगीतिक साँझमा उनले प्रस्तुति दिए । युगल गायनमा यमलाई अस्ट्रेलियामै रहेकी गायिका प्रीति घिमिरेले साथ दिएकी थिइन् ।

सिड्नीको ग्रान्ड प्यालेसमा भएको कार्यक्रममा उल्लेख्य संख्यामा नेपाली दर्शकहरूको उपस्थिति रहेको यमले बताए । 'निकै राम्रो कार्यक्रम भयो, दर्शकहरूले धेरै माया देखाउनुभयो,' यमले भने ।

कार्यक्रममा उनले बादलुको घुम्टो, निष्ठुरीले छाडेर गइहाली, अब चोटहरूले, मन रहे पो मायाप्रीति, दिलमाया, माया बस्यो मुटुमा, तिम्रो हाम्रो चिनारी, सनम माया लाकोदेखि लगायत केही नयाँ गीत समेत प्रस्तुत गरे ।

उक्त सांगीतिक साँझमा प्रीति घिमिरेका साथै महेन्द्र विक, रविन भुसाल र निशा गुरुङले पनि प्रस्तुति दिएका थिए । यम करिब एक



महिनासम्म अस्ट्रेलियामा हुने विभिन्न कार्यक्रममा गुञ्जिनेछन् । शुक्रबारको कन्सर्टपछि उनी १४ डिसेम्बरमा सिड्नीकै एभरेस्ट रेस्टुरेन्ट एन्ड इभेन्ट सेन्टरमा आयोजना हुने 'रमझम साँझ'मा सुनिनेछन् । अन्य ठाउँको तालिका आउने क्रममा रहेको यमले जानकारी दिए ।

# फिल्म 'काजी' २७ चैत रिलिज हुने

**काठमाडौं (प्रस)**– फिल्म 'काजी' २७ चैत्र रिलिज हुने भएको छ । निर्माण युनिटले शुक्रबार फिल्मको फष्टलुक्स सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो ।

रामप्रसाद रिजालको प्रस्तुतिमा निर्माण भएको फिल्ममा विपिन कार्की केकी अधिकारी मुख्य भुमिकामा छन् । फिल्मको फर्ष्टलुक्समा पनि विपिन र केकी देखिएका छन् । फर्ष्टलुक्स हेर्दा फिल्म पारिवारिक लभस्टोरीमा केन्द्रित रहेको अनुमान गर्न सकिन्छ ।





फिल्ममा विपिन र केकीसँगै गरिमा शर्मा, प्रकाश घिमिरे, हेमन्त बुढाथोकी, विशाल पहारी, विनोद न्यौपाने, रश्मी भट्ट, हिउवाला गौतम, सन्दिपबाबु लोहनी, रोजी श्रेष्ठ, गंगा शर्मा, नवराज गिरि, बुद्धी सागर खनाल, प्रशंसा सुवेदी, कृतिका शर्मालगायतको अभिनय छ ।

यसै फिल्मबाट लक्ष्मण रिजाल निर्देशनमा ८ वर्षपछि पर्किएका हुन् । 'कसम', 'धुँवा यो नसा', 'अलविदा', 'कायरा' लगायतका फिल्म निर्देशन गरेका रिजालको यो फिल्म रिजाल एण्ड रिजल प्रोडक्सनको व्यानरमा राम प्रसाद रिजालले निर्माण गरेका हुन् । फिल्मको कार्यकारी निर्माता असिम काफ्ले, निर्माता नेहान रिजाल, बिकाश राज जोशी रहेका छन् । फिल्मको वितरक जिम्मा श्रीराम बालाजी फिल्मस्ले गर्दैछ ।

# दीपेन्द्रको 'युद्ध पत्रकारिता' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं** – पत्रकार तथा लेखक दीपेन्द्र शर्माद्वारा लिखित 'युद्ध पत्रकारिता' पुस्तक विमोचन गरिएको छ । शुक्रबार यहाँ आयोजित लोकार्पण समारोहबीच राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले पुस्तक लोकार्पण गरेका हुन् ।

कार्यक्रममा अध्यक्ष दाहालले जनयुद्धकालमा पत्रकारिताको भूमिकाबारे चर्चा गर्दै त्यसबाट प्राप्त राजनीतिक उपलब्धिको जगमा टेकेर अघि बढन प्रेरित गर्ने विश्वास व्यक्त गरे । उनले पुस्तकलाई 'युद्धको ऐना'का रूपमा चित्रण गरे ।

अध्यक्ष दाहालले भने, 'पत्रकारिता आफैं कठिन काम हो । युद्धको बेलामा पत्रकारिता गर्ने भन्ने कुरा त झनै फलामको चिउरा चपाउनु नै थियो । सबै हिसाबले यो किताब युद्धको ऐतिहासिक दस्ताबेज बनेको छ ।'

उनले उक्त पुस्तकमाथि टिप्पणी राख्ने क्रममा जनयुद्धकालमा जाजरकोटमा बिताएको तीन वर्ष स्मरण गर्दै पुस्तकले त्यही कालखण्डलाई जीवन्तता दिएको बताए । 'हामीले दिल्लीबाट 'नेपाल आवाज' पत्रिका निकाल्थ्यौं । जाजरकोटका विकट पहाडमा रेडियो गणतन्त्रको एन्टेना २५-३० मिटर रूख चढेर राख्थ्यौं', अध्यक्ष दाहालले स्मरण गरे, 'लडाइँ र पढाइको फ्युजन, बारुद र मसीको घोल, त्यसको रिजल्ट युद्ध हो भनिन्थ्यो । त्यसैको जगमा गणतन्त्र आयो भन्दा मलाई गर्व लाग्छ ।'

पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माले पुस्तक इतिहासको साक्षी भएको बताए । उनले भने, 'युद्धमा कलम समात्ने पत्रकारले भोगेका जोखिम, चुनौती र सफलतालाई लेखकले दस्ताबेज बनाउनुभएको छ । यो इतिहासको दस्ताबेजीकरण हो ।'

प्रेस सेन्टरका संस्थापक अध्यक्ष महेश्वर दाहालले पुस्तकलाई नेपालको ऐतिहासिक कालखण्डको महत्वपूर्ण कृतिका रूपमा टिप्पणी गरे । १४ वर्षको उमेरदेखि जनयुद्धको अभियानमा जोडिएका लेखक शर्माले युद्ध पत्रकारिता यात्रालाई पुस्तकको रूप दिएको बताए ।

पुस्तकमा सात अध्यायमा युद्धकालीन पत्रकारिताको विस्तृत विश्लेषण गरिएको समीक्षकहरूले बताए । मिसन पत्रकारिता, भूमिगत सञ्चार, वैचारिक संघर्ष र जनयुद्धका गतिविधिहरूको दस्तावेज पुस्तकले समेटेको छ ।



एनपिएल २०२५

# सुदूरपश्चिम रोयल्स प्लेअफमा

■ प्रभाव संवाददाता

**काठमाडौं**– सुदूरपश्चिम रोयल्स नेपाल प्रिमियरको लिग (एनपिएल)को प्लेअफमा पुगेको छ । पहिलो सिजनको फाइनलमा जनकपुरसँग हार्दै उपविजेता बनेको सुदूरपश्चिम शनिबार अपराजित रहँदै प्ले अफमा पुग्ने पहिलो टिम बनेको हो ।

शनिबार भएको खेलमा जनकपुर बोल्ट्सले दिएको १४६ रनको लक्ष्य सुदूरपश्चिम रोयल्सले १७ ओभर ४ बलमा ४ विकेट गुमाएर पूरा गऱ्यो । सुदूपश्चिमको जितका लागि इसान पाण्डेले सर्वाधिक ५६ रन बनाए । इसानले ३५ बलमा ८ चौका र एक छक्का प्रहार गरे । जोश ब्राउन ०, विनोद भण्डारी ४२ र क्रिस लिन १ रनमा आउट भए । कप्तान दीपेन्द्रसिंह ऐरी १० र हर्मित सिंह २५ रनमा अविजित रहे ।

बलिङमा जनकपुरका माज सदाकतले २ तथा सञ्जय कृष्णमूर्ति र आदित्य मेहताले एकएक विकेट लिए ।

त्यसअघि टीयु क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १४५ रन बनाएको थियो । जनकपुरका लागि सञ्जय कृष्णमूर्तिले अर्धशतक प्रहार गरे । उनले ३८ बलमा २ चौका र २ छक्का प्रहार गरे ।

जोन निकोल लोफ्टी इर्न्टन ३९, माज सदक्वात १२, आसिफ शेख ०, मयन यादव ६, आदित्य मेहता १५, शुभ कंशाकार ० र वायन पार्नेल १४ रनमा आउट भए । रूपेश सिंह १ रनमा अविजित रहे ।

बलिङमा सुदूरपश्चिमका अभिनास बोहराले सर्वाधिक ४ विकेट लिए । स्कट कुइगेलेइन ३ र कप्तान दीपेन्द्रसिंह ऐरीले



एक विकेट लिए । सुदूरपश्चिमले लगातार पाँचौं जित निकाल्दा साविक विजेता जनकपुर बोल्ट्सले लगातार चौथो हार बेहोरेको छ ।

त्यस्तै शनिबारको पहिलो खेलमा लुम्बिनी लायन्सले पोखरा एभेञ्जर्सलाई तीन विकेटले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावनालाई जीवितै राखेको छ ।

पहिलो चार खेलमध्ये तीनमा हार बेहोरेको लुम्बिनी आफ्नो पाँचौ खेलमा जित्नैपर्ने दबाबमा थियो । आजको जीतसँगै लुम्बिनी तालिकामा पाँच खेलबाट चार अंकसहित पाँचौ स्थानमा उक्लिएको छ ।

लुम्बिनीसँग हार बेहोरे पनि पोखराको प्लेअफमा पुग्ने सम्भावना भने जीवितै छ । पोखराले हालसम्म चार खेलमध्ये एकमा जीत निकालेको छ । अहिले पोखरासँग दुई अंक मात्रै छ ।

लुम्बिनीले पोखराले दिएको १५१ रनको लक्ष्य १९ दशमलव चार ओभरमा सात विकेटको क्षतिमा पूरा गऱ्यो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले ४० रन बनाए भने निरोशन दिकवेल्लाले महत्वपूर्ण ३७ रन बनाए । साथै सन्दीप जोराले २५ रनको योगदान दिए । पोखरा एभेञ्जर्सका लागि विपिन खत्री, खत्री मार्क टेलर र सागर ढकालले दुई/दुई विकेट लिए भने जिमी निशमले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५० रन बनाएको थियो । पोखराले पारीको सुरुआत राम्रो गरेन । उसले १५ रन बनाउँदा दिनेश खरेललाई पहिलो विकेटका रूपमा र दोस्रो विकेटका रूपमा कप्तान कुशल भुर्तेललाई गुमायो ।

त्यसपछि आएका सुमित बर्मा खाता खोल्न सकेनन् भने तिर्तराज दासले पनि जम्मा एक रन बनाए । तर सातौ ब्याटरका रूपमा आएका जिमी निशम र ओपनर एडम रोसिङटनको जोडीले पाँचौ विकेटका लागि ९२ रनको महत्वपूर्ण साझेदारी गऱ्यो । रोसिङटनले ६३ बलमा पाँच छक्का र सात चौकाको सहयोगमा ८१ रन बनाए भने निशमले ५१ रन बनाए । अर्धशतक बनाउने क्रममा निशमले तीन छक्का र तीन चौका प्रहार गरे । लुम्बिनीका लागि शेर मल्ल र तिलक भण्डारीले दुई/दुई विकेट लिए भने गुलबदिन नाइबले एक विकेट हात पारेका थिए ।

आइतबार एकमात्र खेल हुने भएको छ । साँझ ३:३० बजे सुरु हुने खेलमा कर्णाली याक्स र काठमाडौं गोर्खाज् भिड्ने भएका छन् । काठमाडौं ५ खेलमा ६ अंकसहित तालिकाको तेस्रो स्थानमा रहेको छ भने कर्णालीले चार खेलमा २ अंकमात्र जोड्दै तालिकाको छैटौं स्थानमा रहेको छ ।

**आजको खेल**
NPL NEPAL PREMIER LEAGUE
कर्णाली याक्स्‌विरुद्ध काठमाडौं गोर्खाज्
बिहान ११:४५ बजे

# नेपाली यू-१९ टोली एसिया कपका लागि छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं** - नेपाली यू-१९ टोली एसिया कपका लागि छनोट भएको छ । नेपाललेसेमिफाइनलमा मलेसियालाई ९ विकेटले पराजित गर्दै एसिया कपमा स्थान सुरक्षित गरेको हो ।

संयुक्त अरब इमिरेट्स (यूएई)को अजमान मैदानमा मलेसियाले दिएको ५२ रनको लक्ष्य नेपालले ७.५ ओभरमा एक विकेटको क्षतिमा पूरा गऱ्यो ।

नेपालका वंश क्षेत्रीले अविजित २३ र निश्चल क्षेत्रीले अविजित १५ रन बनाए । मलेसियाका मोहम्मद अक्रामले एक विकेट हात पारे ।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसिया १७.२ ओभरमा ५१ रनमा अलआउट भयो । उसका लागि हमजाह पङ्गीले १३, मुहम्मद फतुल मुइनले ११ रन जोडेपनि अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।



नेपालका लागि नितिस कुमार पटेलले चार, चन्दन रामले तीन, कप्तान अशोक धामी, रोशन विश्वकर्मा र अपराजित पौडेलले एक/एक विकेट लिए ।

कूल १४ टोलीको सहभागिता रहेको यो प्रतियोगिताबाट शीर्ष तीन टोली आगामी एसीसी यू-१९ एसिया कपमा छनोट हुनेछन् । यू-१९ एसिया कप आगामी डिसेम्बरमा यूएईमै हुँदैछ ।

# नेपालले 'डिसाबिलिटी' क्रिकेट सिरिज खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपालले भारतमा हुने 'डिसाबिलिटी' क्रिकेट सिरिज खेल्ने भएको छ । प्रतियोगितामा सहभागी हुन १५ खेलाडीसहित १७ सदस्यीय नेपाली टोली आइतबार भारतको हरियाणा जाने भएको छ ।

खेलाडीमा रामप्रसाद खरेल, प्रदीप रिजाल, हेमबहादुर गुरुङ, बालकृष्ण गिरी, छवी धाबी, रिन्केश कुर्मी, विवेक शर्मा, राहुलकुमार कोइरी, कुन्जाबिहारी चौधरी, सुखलाल मिया, अनिलकुमार कहर, रामजान अली, अनुरेश पासी, रामकुमार यादव र तब्रेज अन्सारी रहेका छन् । अफिसियलमा रामबहादुर कुँवर र छुल्टिम शेर्पा छन् ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य-सचिव टंकलाल घिसिङ र राखेपकी सदस्य अन्जना श्रेष्ठले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरेका थिए । प्रतियोगिता डिसेम्बर ३ देखि ५ तारिखसम्म हुनेछ ।

# तेल मूल्य स्थिर राख्न 'ओपेक प्लस'को रणनीतिक कदम




**भियना–** 'ओपेक प्लस' का प्रमुख सदस्य राष्ट्रहरूले सन् २०२५ मा अपनाएको तेल उत्पादन नीति समग्रमा प्रभावकारी देखिएको छ । अप्रिलदेखि साउदी अरब, रूस, इराक, संयुक्त अरब इमिरेट्स, कुवेत, कजाकिस्तान, अल्जेरिया र ओमानले करिब २.९ लाख ब्यारेल प्रतिदिन उत्पादन बढाउँदै प्रतिस्पर्धी मुलुकहरूसँगको बजार हिस्सेदारी विस्तार गर्ने प्रयास गरेका थिए । उत्पादन वृद्धि भएपनि बजारमा आपूर्ति धेरै भएको कारण मूल्यमा केही दबाब परेको थियो । तर, विश्वव्यापी राजनीतिक घटनाक्रमले तेल मूल्यमा ठूलो गिरावट हुनबाट रोक्न मद्दत गरेको विश्लेषकहरूले बताएका छन् ।

ओपेक प्लस पेट्रोलियम निर्यातक देशहरूको सङ्गठनका सदस्य राष्ट्रहरू र केही गैर-सदस्य तेल उत्पादक देशहरूको समूह हो । यस समूहको मुख्य उद्देश्य विश्व तेल बजारमा स्थिरता ल्याउनु, तेलको आपूर्ति नियन्त्रण गर्नु र मूल्य अस्थिरतालाई न्यून गर्नु हो । समूहले तेल उत्पादन कोटा निर्धारण गरी आपूर्ति बढाउने वा घटाउने निर्णय गर्छ र बजारको मागअनुसार रणनीति बनाउँछ । यसरी, ओपेक प्लस विश्व तेल बजारमा मूल्य र आपूर्ति सन्तुलन कायम राख्ने राजनीतिक-आर्थिक गठबन्धनको रूपमा काम गर्छ ।

अनपेक्षित घटनाले तेल माग बढायो

वर्षको सुरुवातमा अनुमान गर्न नसकिने केही घटनाले तेलको माग बढायो । ती घटनामा १२ दिन चलेको इरान-इजरायल द्वन्द्व, अमेरिकाद्वारा रूसमाथि थपिएको ऊर्जा प्रतिबन्ध र चीनले ठूलो मात्रामा कच्चा तेल भण्डारण गर्नु प्रमुख छन् । यी घटनाले ओपेक प्लसले उत्पादन बढाउँदा मूल्यमा पर्ने नकारात्मक प्रभावलाई संतुलनमा राखिदियो । एचएसबीसीकी ऊर्जा विश्लेषक किम फुश्टिएरले भने, 'यी सबै घटना अप्रत्याशित भए तापनि यिनैले ओपेक प्लसको रणनीति सफल बनाउन सहयोग गरे ।'

ट्रम्प प्रशासनको प्रभाव

सन् २०२५ मा अमेरिकामा डोनाल्ड ट्रम्प पुनः राष्ट्रपति बनेपछि ओपेक प्लसका निर्णयमा अमेरिकी प्रभाव स्पष्ट देखियो । ट्रम्पले साउदी अरबलाई तेल मूल्य घटाउन उत्पादन वृद्धि गर्न आग्रह गरेका थिए । साउदी अरबले अमेरिकासँगको कूटनीतिक सम्बन्ध मजबुत राख्न यसलाई सकारात्मक रूपमा लिएको विश्लेषकहरूले बताएका छन् । यसको बदलामा अमेरिका र साउदीबीच नागरिक आणविक उर्जा सम्बन्धी सहकार्य र उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिमा पहुँचसम्बन्धी सम्झौता भएको छ ।

## २०२६ को पहिलो त्रैमासमा उत्पादन स्थिर राख्ने निर्णय

डिसेम्बरमा अन्तिम पटक कोटा वृद्धि गरेपछि ओपेक प्लसले सन् २०२६ को पहिलो त्रैमासमा उत्पादन समायोजन नगर्ने निर्णय गरेको छ । उनीहरूको तर्क अनुसार सो अवधिमा मांग सामान्यतया कमजोर हुने भएकाले उत्पादन स्थिर राख्नु उचित हुन्छ । साथै रूस-युक्रेन युद्धसँग सम्बन्धित वार्ताको अनिश्चितता पनि निर्णायक कारक बनेको छ । यदि तनाव कम भयो भने तेल मूल्यमा रहेको जोखिम घट्न सक्छ, तर तनाव बढेमा अमेरिकी प्रतिबन्धले रूसी तेल उद्योगमाथि थप दबाब पार्नेछ, जसको असर पुनः विश्व बजारमा पर्न सक्नेछ । *रासस/एएफपी*



**इन्डोनेसियाको एचे प्रान्तस्थित मेउरेउडुमा बाढीका कारण थुप्रिएको हिलो पन्छाउँदै स्थानीय ।** *तस्विर एएफपी*

# श्रीलंकामा मौसमी प्रकोपका कारण सार्वजनिक आपतकाल घोषणा

**कोलम्बो–** श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकले हालको खराब मौसमी प्रकोपको सामना गरिरहेको अवस्थामा सार्वजनिक आपतकालको घोषणा गरेका छन् ।

घोषणाले सार्वजनिक सुरक्षा अध्यादेश अन्तर्गत आपतकालीन नियमहरू राष्ट्रव्यापी लागू गर्न सरकारलाई अधिकार प्रदान गर्दछ । आपतकाल घोषणा गर्नुको उद्देश्य सार्वजनिक सुरक्षाको रक्षा गर्नु, राष्ट्रिय स्थिरता कायम राख्नका लागि गरिएको जनाएका छन् ।

यसैबीच, प्रहरी मिडिया डिभिजनले श्रीलङ्काली प्रहरीले प्रहरी महानिरीक्षक (आइजीपी) को प्रत्यक्ष पर्यवेक्षणमा प्रहरी मुख्यालयमा विशेष अपरेसन युनिट स्थापना गरेको बताएको छ । युनिटले सार्वजनिक सहायताका लागि समर्पित ल्यान्डलाइन र ह्वाट्सएप हटलाइनहरू खोलेको जनाएको छ ।

राष्ट्रव्यापी प्रहरी अधिकारीहरूलाई उनीहरूको डिभिजनभित्र मौसम-सम्बन्धित आपतकालिन व्यवस्थापन गर्न द्रुत-प्रतिक्रिया टोलीहरूमा नियुक्त गरिएको छ। डुङ्गा, डाइभिङ उपकरण र अन्य उद्धार उपकरणहरू तत्काल तैनातीका लागि तयार छन् । विपद् व्यवस्थापन केन्द्र, सशस्त्र बल र अन्य एजेन्सीहरूलाई संयुक्त आपतकालीन अपरेसनमा एकीकृत गरिएको प्रहरीले जनाएको छ ।

विस्थापित परिवारका घर र सम्पत्तिहरूको सुरक्षाका लागि थप सुरक्षा उपायहरू लागु गरिएको अधिकारीहरूले बताएका छन् । अस्थायी आश्रयमा बसोबास गर्ने मानिसहरूको सुरक्षा सुनिश्चित गर्न प्रहरीलाई निर्देशन दिइएको छ ।

यसैबीच, अध्यागमन तथा आप्रवासन विभागले उडान रद्द र मौसम सम्बन्धी यात्रामा अवरोधका कारण फसेका विदेशी नागरिकहरूका लागि विशेष भिसा सुविधा उपायहरू सुरु गरेको छ । नोभेम्बर २८ मा वा पछि प्रस्थान गर्न असमर्थ यात्रुहरूलाई भिसा विस्तार शुल्क र ओभरस्टे पेनाल्टीबाट छुट दिइनेछ । पर्यटक, व्यापार र निवास भिसा भएकाहरूलाई प्रक्रियाहरू पूरा गर्न सात दिनको अवधि प्रदान गरिएको छ । विभागले अल्पकालीन रूपमा भिसा अवधि थप अनलाइन बाटै पूरा गर्न सकिने र थप अद्यावधिकहरू जारी गरिने बताएको छ । *रासस/सिन्ह्वा*

## चीनमा भवनमा आगलागी जोखिम नियन्त्रण अभियान सुरू

**बेइजिङ–** चीनले भवनमा आगलागी जोखिम कम गर्न व्यापक अभियान सुरु गरेको छ । यो कदम हङकङमा भएको एक भयानक आगलागीमा कम्तीमा १२८ जनाको मृत्यु भएपछि उठाइएको हो, जुन दशकौंमा वित्तीय केन्द्रमा भएको सबैभन्दा ठूलो दुर्घटना मानिन्छ ।

राज्य सञ्चार माध्यम सीसीटीभीका अनुसार चीनको राज्य परिषद् सुरक्षा समितिले हालै भवनमा मुख्य आगलागी जोखिम पहिचान गरी सुधार गर्ने अभियान सुरु गरेको जानकारी दिएको छ । अभियानअन्तर्गत भवनहरूमा सजिलै जल्ने सामग्रीको प्रयोग जाँच गरिनेछ । सीसीटीभीले भनेको छ, 'सबै क्षेत्रमा जिम्मेवारीको भावना बलियो बनाउनु पर्नेछ । विकास र सुरक्षा सँगसँगै समन्वय गर्नुपर्छ र भवनमा मुख्य आगलागी जोखिमको अनुसन्धान तथा सुधारलाई अत्यन्त महत्वपूर्ण कार्यका रूपमा लिनुपर्छ। निगरानी र निरीक्षणलाई तीव्र बनाउँदै सुनिश्चित परिणाम ल्याउनुपर्छ।' *रासस/एएफपी*

## रूसको निरन्तर आक्रमणले किएभमा सङ्कट गहिरिँदै

**किएभ–** रूसले शनिबार बिहान युक्रेनको राजधानी किएभमा गरेको हवाई आक्रमणमा सात जना घाइते भएका छन् ।मध्यरातपछि शहरभर ठूलो विस्फोटको आवाज सुनिएपछि हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको थियो । किएभको सैनिक प्रशासनका प्रमुख तिमुर तकाचेन्कोले भने, 'विपक्षीका उड्ने यन्त्रहरू राजधानी वरपर देखिएका छन् र हवाई प्रतिरक्षा दलले तिनको विरुद्ध सक्रिय रूपमा प्रतिक्रिया जनाइरहेका छन् ।'

किएभका मेयर विताली क्लिच्कोले आक्रमणका क्रममा सबै नागरिकलाई सुरक्षित स्थानमै बस्न अनुरोध गरेका थिए । उनका अनुसार राजधानीमा सात जना घाइते भएका छन्, जसमा चार जनालाई उपचारका लागि अस्पताल लगिएको छ । घाइतेमध्ये १३ वर्षे एक बालक पनि रहेको उनले जानकारी दिए । आक्रमणका कारण शहरका केही आवासीय क्षेत्रमा रहेका घर र सवारीसाधनमा क्षति पुगेको स्थानीय अधिकारीहरूले बताएका छन् । यही साताभर रातको समयमा भएका यस्तै प्रहारका कारण किएभका विभिन्न बस्ती क्षेत्रमा आगलागी भएको थियो । *रासस/एएफपी*

# स्पेसएक्सका 'राइडशेयर' मिसन सफलतापूर्वक प्रक्षेपण




**लस एन्जल्स–** अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले शुक्रबार आफ्नो नयाँ 'राइडशेयर' मिसन सफलतापूर्वक अन्तरिक्षतर्फ पठाएको छ ।

'राइडशेयर' मिसन भनेको एउटा रकेटमार्फत एकैपटक धेरै साना उपग्रह वा उपकरणहरूलाई अन्तरिक्षमा पठाउने कार्यक्रम हो । यस किसिमको मिसनमा विभिन्न कम्पनी, संस्था र अनुसन्धान समूहका साना उपग्रहहरू (जस्तै क्यूबस्याट, माइक्रोस्याट वा अन्य वैज्ञानिक उपकरणहरू) एउटै रकेटमा राखिन्छन् । यसले एउटै प्रक्षेपणमा धेरै उपकरणहरू अन्तरिक्षमा पुऱ्याउन सकिने सुविधा दिन्छ र ठूलो खर्च पनि बचत हुन्छ । यसरी, साना र लागत प्रभावकारी मिशनहरू सफलतापूर्वक सञ्चालन गर्न सजिलो हुन्छ ।

'ट्रान्सपोर्टर-१५' नाम दिइएको यो मिशन क्यालिफोर्नियाको भ्यान्डेनबर्ग स्पेस फोर्स बेसबाट स्थानीय समय अनुसार बिहान १० :४४ बजे फाल्कन ९ रकेटमार्फत प्रक्षेपण गरिएको स्पेसएक्सले जनाएको छ ।

स्पेसएक्सका अनुसार मिशनमा कुल १४० पे-लोड (उपग्रह तथा अन्य उपकरण) रहेका थिए, जसमा क्यूबस्याट, माइक्रोस्याट, होस्टेड पे-लोड तथा कक्षान्तरण गर्ने साना यानहरू पनि समावेश थिए । ती मध्ये १३ पे-लोड भने पछि छुट्टै कक्षमा पठाइने छन् । स्पेसएक्सले सामाजिक सञ्जाल 'एक्स' मा भने अनुसार, यसको राइडशेयर कार्यक्रममार्फत यसअघि सम्पन्न र अहिले चलाएका मिशनहरू मिलाएर एक हजार ४०० भन्दा बढी पे-लोड सफलतापूर्वक कक्षामा पुऱ्याइसकिएका छन् । *रासस/सिन्ह्वा*

# बंगलादेशकी पूर्व प्रधानमन्त्री खालिदा जिया अस्पतालमा, स्वास्थ्य चिन्ताजनक

**ढाका–** बंगलादेशकी पूर्व प्रधानमन्त्री खालिदा जियाको स्वास्थ्य अवस्था अस्पताल भर्ना भएयता लगातार बिग्रिएको छ । उनका परिवार र पार्टीका सदस्यहरूले नागरिकहरूलाई उहाँको शीघ्र स्वास्थ्य लाभको लागि प्रार्थना गर्न, अनुरोध गरेका छन् ।



८० वर्षीया जिया फोक्सो सङ्क्रमणका लक्षण देखिएपछि अस्पताल भर्ना भइन् । बंगलादेश राष्ट्रिय पार्टीका नेता मिर्जा फखुल आलमगिरले भने, 'डाक्टरहरूले हामीलाई उहाँको स्वास्थ्य अवस्था अत्यन्तै गम्भीर रहेको जानकारी दिनुभएको छ ।' केही वरिष्ठ नेता र समर्थकहरूले अस्पताल पुगेर उहाँको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् । समाचार अनुसार, जियालाई मिर्गौला सम्बन्धी समस्या, मधुमेह, फोक्सो समस्या र आँखासम्बन्धी रोग छन् ।

उनकी जेठी छोरी तारिक रहमानले भने, 'हामी सबैको प्रार्थना र माया प्रति हार्दिक धन्यवाद व्यक्त गर्छौं ।' खालिदा जिया तीनपटक प्रधानमन्त्री रहिसकेकी छन् । सन् २०१८ मा भ्रष्टाचारको मुद्दामा जेल चलान गरिएकी जियालाई विदेशमा उपचार गर्न पनि अनुमति थिएन । उनी गत वर्ष रिहा भएकी थिइन् । *रासस/एएफपी*

# इन्डोनेसियामा बाढी र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या १६४ पुग्यो

**जकार्ता–** इन्डोनेसियाको सुमात्रा टापुमा मंगलबार भएको मनसुनी वर्षाका कारण आएको बाढी र पहिरोमा परी ज्यान गुमाउनेको संख्या १६४ पुग्नुका साथै ७९ जना बेपत्ता मानिसहरूको खोजी जारी रहेको जनाइएको छ ।

बाढीले सडकमा क्षति पुगेको उल्लेख गर्दै आवाश्क उपकरणको अभावका कारण उद्धारकर्मीहरूले कठिनाइको सामना गरिरहेको इन्डोनेसियाका अधिकारीहरूले विज्ञप्ति मार्फत जनाएका छन् । इन्डोनेसियाको राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी (बिएनपिबी) ले सुरुमा १७४ जनाको मृत्यु भएको रिपोर्ट गरेकोमा हाल मृतकको संख्या १६४ मा संशोधन गरेको छ ।

एजेन्सीका प्रमुख सुहारियान्तोले पत्रकार सम्मेलनमा उत्तरी सुमात्रा प्रान्तमा मृतकको सङ्ख्या ११६ पुगेको र उद्धारकर्ताहरूले टापुको पश्चिममा २३ जनाको शव बरामद गरेको जानकारी दिएका छन् । उनले उद्धार टोलीहरूले उत्तरी सुमात्राका १२ सहर र जिल्लाहरूमा प्रभावित क्षेत्रहरूमा पुग्न कठिनाइको सामना गरिरहेको पुष्टि गर्दै बाढीले १७ हजार भन्दा बढी घरहरू डुबानमा पर्दा लगभग २३ हजार मानिसहरू विस्थापित भएको जनाउनु भएको छ ।

उष्णकटिबन्धीय चक्रवात सिनियार्टले बढाएको मनसुनी वर्षाले मंगलबार उत्तरी सुमात्राका नदीहरूले खतराको सतह नागेका थिए भने बाढीले धेरै पाहाडी गाउँहरू बगाएको छ । बाढीका कारण तीन हजार २०० भन्दा बढी सरकारी घर तथा भवनहरू डुबानमा परे पछि लगभग उक्त स्थानमा आश्रय लिइरहेका तीन हजार परिवारसमेत विस्थापित भएको जनाइएको छ । बाढीले धान बाली, गाईवस्तु र सार्वजनिक सुविधाहरू पनि नष्ट गरे पछि मानिसहरूको दिन चर्या नै तहस नहस बनाएको जनाइएको छ । *रासस/क्यूएनए*

# श्रीलंकामा भीषण बाढी-पहिरो :१२३ जनाको मृत्यु, १३० जना बेपत्ता

**कोलम्बो–** श्रीलङ्कामा देशभर परेको भारी वर्षा र बाढीका कारण हालसम्म १२३ जनाको ज्यान गएको छ भने १३० जना अझै बेपत्ता रहेका छन् ।



महानिर्देशक सम्पत कोटुवेगोदा अनुसार राहत कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ र ४३ हजार ९९५ जनालाई घर क्षतिग्रस्त भएकाले राज्य संचालित राहत केन्द्रमा सारिएको छ । भारी वर्षा सोमबारदेखि सुरु भएको थियो र बुधबार मुख्य क्षेत्रमा अझ तीव्र वर्षा भएपछि देशभर बाढीको अवस्था झन् गम्भीर बनेको छ ।

शुक्रबार साँझ केलानी नदीको तटवन्ध भाँचिँदा धेरै मानिसहरू अस्थायी शिविरमा सारिनु परेको थियो । देशका अधिकांश भागमा वर्षा कम भए पनि उत्तरतर्फका केही क्षेत्रमा अझै पानी परिरहेको छ ।

भारतले पीडितहरूको लागि आवश्यक राहत सामग्री पठाइसकेको छ र आवश्यक परे थप सहयोगका लागि तयार रहेको अधिकारीहरूले जानकारी दिएका छन् । सरकारले उद्धार र राहत कार्यलाई अझ सुदृढ बनाउन सैनिक बल परिचालन गरेको छ, जहाँ हेलिकोप्टर र डुङ्गा प्रयोग गरी फसेका बासिन्दाहरू उद्धार गरिएको छ ।

केन्द्रका अधिकारीहरूले बताएअनुसार बाढीको स्तर सन् २०१६ भन्दा बढी हुने अनुमान गरिएको छ, जब ७१ जनाको मृत्यु भएको थियो । सन् २००० पछि श्रीलङ्कामा आएको सबैभन्दा ठूलो बाढी सन् २००३ को जूनमा भएको थियो, जब २५४ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५०६०० | प्रति तोला – ० | प्रति तोला – ३३४५ |



**छुर्पी तयारी गर्दै** | उत्पादन गरेर सुकाएको छुर्पी देखाउँदै भोजपुरको पौवादुङमा-१ श्यामशिलामा दुग्ध व्यवसाय गर्दै आएका दीपकुमार राई । वार्षिक झण्डै ५० लाख रूपैयाँ बराबरको छुर्पी उत्पादन गरेर जिल्लाबाहिर पठाउँदै आएको व्यवसायी राई बताउँछन् । *तस्बिर : युवराज विष्ठ/रासस*

## वीरगञ्जबाट चार महिनामा ५४ अर्बको पेट्रोलियम आयात

■ प्रभाव संवाददाता

**वीरगञ्ज (पर्सा)**– चालु आर्थिक वर्षको चार महिनामा वीरगञ्ज नाका भएर रु ५४ अर्ब १२ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ ।

डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयातबाट रु २२ अर्ब ९० करोड राजस्व संकलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा रकमको आधारमा पाँच थरिका पेट्रोलिम पदार्थको आयातमा रु दुई अर्ब ९३ करोडले बढी हो ।

जबकी गत आवको चार महिनाको अवधिमा भने रु ५१ अर्ब १९ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात हुँदा २० अर्ब ८९ करोड राजस्व संकलन भएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको चार

**▸▸ वीरगञ्ज भन्सार कार्यालयका चालु आवको कात्तिक मसान्तसम्म रु २४ अर्ब ४० करोड मूल्य पर्ने दुई लाख ६८ हजार ६७६ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट रु १० अर्ब ७३ करोड राजस्व संकलन भएको छ ।**

महिनामा पेट्रोलियम पदार्थको आयातमा केही वृद्धि भएको जानकारी दिए । 'गत आवको चार महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट प्राप्त हुने राजस्वमा समेत नौ दशमलव ६० प्रतिशतले बढेको छ,' उनले भने ।

वीरगञ्ज भन्सार कार्यालयका चालु आवको कात्तिक मसान्तसम्म रु २४ अर्ब ४० करोड मूल्य पर्ने दुई लाख ६८ हजार ६७६ किलोलिटर डिजेल आयात भएको छ । सो डिजेल आयातबाट रु १० अर्ब ७३ करोड राजस्व संकलन भएको छ । जबकी गत आवको सोही अवधिमा भने २१ अर्ब ८३ करोड मूल्य पर्ने डिजेल आयात भएको थियो । सोबाट नौ अर्ब ७८ करोड राजस्व संकलन भएको थियो ।

चालु आवको चार महिनामा रु १४ अर्ब २७ करोड मूल्य पर्ने एक लाख ६६ हजार ६६३ किलोलिटर पेट्रोल आयात भएको छ । सो पेट्रोल आयात हुँदा रु नौ अर्ब ४३ करोड राजस्व संकलन भएको छ । जबकी गत आवको चार महिनामा भने १२ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोल आयात हुँदा आठ अर्ब ११ करोड राजस्व संकलन भयो ।

चालु आवको चार महिनाको अवधिमा रु नौ अर्ब ७७ करोड मूल्य पर्ने नौ करोड ७३ लाख ९६ हजार ४७२ किलोग्राम एलपी ग्यास आयात भएको छ । सो आयातबाट रु एक अर्ब ८३ करोड राजस्व संकलन भएको छ । त्यस्तै गत आवको सोही अवधिमा भने रु ११ अर्ब १० करोड मूल्य पर्ने रु १० करोड तीन लाख ५९ हजार किलोग्राम एलपी ग्यास आयात भएको थियो । उक्त आयातबाट रु दुई अर्ब आठ करोड राजस्व संकलन भएको थियो ।

## नेपाल उत्कृष्ट साहसिक पर्यटन गन्तव्यको रूपमा भारतमा सम्मानित

■ प्रभाव संवाददाता

**काठमाडौं**– भारतको पुणेमा आयोजित भारत इन्टरनेशनल ट्राभल मार्ट (आईआईटीएम)मा नेपाललाई वर्षको उत्कृष्ट साहसिक पर्यटन गन्तव्यका रूपमा सम्मान गरिएको छ । यही नोभेम्बर २७ देखि २९ सम्म आयोजित आईआईटीएममा अवाड्र्स नाइट, ०२५ मा नेपाललाई यो प्रतिष्ठित अवार्ड प्रदान गरिएको जनाइएको छ ।

उक्त अवार्ड नेपाल पर्यटन बोर्डका तर्फबाट बोर्ड सदस्य नरेन्द्र भट्ट र वरिष्ठ अधिकृत नरायण बस्यालले ग्रहण गरेका गरे । अवार्ड समारोहमा आयोजित 'डेस्टिनेसन प्रिजेन्टेशन' सत्रमा बोर्डका वरिष्ठ अधिकृत रोबिन रेग्मीले नेपालको विविध पर्यटन आकर्षणहरू, बुद्ध सर्किट, रामायण सर्किट, तथा अन्तरदेशीय इको-ट्रेलहरूजस्ता पर्यटन उत्पादन समेटिएको श्रव्यदृश्य प्रस्तुति



दिएका थिए ।

जसमा नेपालमा युनेस्को विश्व सम्पदा सूचीमा परेका क्षेत्रहरू, आध्यात्मिक तीर्थाटन मार्गहरू, विश्वस्तरीय पदयात्रा तथा हिमाल आरोहण अवसरहरू र रोमाञ्चक साहसिक खेलहरू प्रमुख आकर्षण रहेको बारे जानकारी गराइएको हो ।

आइआइटीएम पुणे, २०२५ मा नेपाल पर्यटन बोर्डको सक्रिय सहभागिताले भारतीय पर्यटन बजारसँगको सम्बन्ध अझ प्रगाढ बनाउने तथा नेपाललाई 'अल सिजन डेस्टिनेसन' र 'लाइफटाइम एक्सपेरियन्स' प्रदान गर्ने देशका रूपमा प्रवर्द्धन गरिएको बोर्डको नेतृत्व गर्दै कार्यक्रममा सहभागी वरिष्ठ अधिकृत रेग्मीले बताए ।

आइआइटीएममा नेपाल पर्यटन बोर्डले १५ वटा प्रमुख ट्राभल व्यापार कम्पनीहरूसँगको सहकार्यमा भारतका यात्रा व्यवसायी तथा प्रमोटरका माझ नेपालका विशिष्ट पर्यटन प्याकेज तथा आकर्षणहरू प्रभावकारी रूपमा प्रस्तुत गरेका थिए ।

तीनदिने ट्राभल मार्टमा विश्वका विभिन्न मुलुकका विभिन्न ट्राभल व्यापार प्रतिनिधि तथा पर्यटन व्यवसायी र पर्यटकहरूको सक्रिय सहभागिता छ । बोर्डले आइआइटीएममा रहेको नेपाल पभेलियनमा नेपालका समृद्ध सांस्कृतिक सम्पदा, साहसिक गन्तव्य, र अतिथिसत्कार प्रस्तुत गर्ने सशक्त मञ्च भएको उल्लेख गरेको छ ।

नेपाल पर्यटन बोर्ड तथा साझेदारहरूको सफल सहभागिताले नेपालप्रति भारतीय बजारमा उल्लेखनीय चासो र माग बढाउने बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले बताए । यस किसिमका अन्तरराष्ट्रिय मञ्चहरूमा भएको बोर्डको सक्रिय सहभागिताले नेपाललाई भारतीय पर्यटकहरूको प्राथमिक गन्तव्यका रूपमा थप सशक्त बनाउने सीईओ जोशीको विश्वास छ ।

## वित्तीय संघीयता कार्यान्वयनका समस्या समाधान गर्न माग

**काठमाडौं (प्रस)**– मधेस प्रदेशका मुख्यमन्त्री र अन्य प्रदेशका आर्थिक मामिलामन्त्रीले वित्तीय संघीयता कार्यान्वयनमा देखापरेका समस्या समाधानका लागि विभिन्न उपायको खोजी गर्दै साझा मतका साथ अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

वित्तीय संघीयता कार्यान्वयनको क्रममा देखापरेका समस्या क्रमश: समाधान हुँदै आएका भए पनि नयाँ परिस्थितीमा नयाँ खालका समस्या देखा पर्ने भएकाले त्यसको समाधानका उपाय खोज्नुपर्ने उनीहरूको भनाइ थियो । अन्तर सरकारी वित्त परिषदको एघारौँ बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अन्य प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीलगायत परिषद्का सदस्य एवं विज्ञले वित्तीय संघीयता कार्यान्वयनको सम्बन्धमा देखापरेका समस्या र समाधानका उपायका सम्बन्धमा आआफ्नो धारणा राखेका थिए । कार्यक्रमका दौरान सातै प्रदेशका अर्थमन्त्रीहरूले संयुक्त रूपमा तयार गरेको वित्तीय संघीयता सम्वद्ध घोषणापत्र कार्यान्वयन सहजीकरणका लागि संघीय अर्थमन्त्री समक्ष पेश गरेका थिए ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम परिषदका संयोजक अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा परिषदका सदस्यहरू एवं अन्य आमन्त्रित व्यक्तिको उपस्थितिमा शुक्रबार अर्थ मन्त्रालयमा सम्पन्न भएको अर्थमन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले जानकारी दिए । बैठकमा वित्तीय संघीय समन्वय महाशाखा प्रमुख एवम् सहसचिव सेवन्तक पोखरेलले वित्तीय संघीयता कार्यान्वयनको कार्यक्रममा तीनै तहबाट सुशासनको प्रत्यक्ष अनुभूति हुनेगरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए । उनले संघ, प्रदेश र स्थानीय तहले बजेट तथा आयोजनाको कार्यान्वयन, करको कार्यान्यनको विषयमा देखिएका विवादको निरोपण, राजस्व तथा खर्चको लेखा विधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नेलगायतका विषय उल्लेख गरे ।

यस्तै, जनशक्ति व्यवस्थापन तथा तेस्रो सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन, वित्तीय अनुशासन, आगामी निर्वाचनमा तीन तहको साधनस्रोतको प्रयोग तथा आगामी अन्तरप्रदेश परिषदको बैठकमा राख्नुपर्ने सुझावको लागि समेत बैठक आयोजना गरिएको उनले जानकारी गराएका थिए ।

कार्यक्रममा नगरपालिका संघ र गाउँपालिका महासंघका अध्यक्षसहित विभिन्न पालिकाका प्रतिनिधिले वित्तीय समानीकरण अनुदान विनियोजन बमोजिम प्राप्त हुनुपर्ने, वित्तीय संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुनी तथा प्रक्रियागत विषयमा छिट्टै टुंगोमा पुग्नुपर्ने, कानुन कार्यान्वयनका क्रममा देखिएका अन्तर विरोधलाई सम्बोधन गरिनु पर्ने धारणा राखेका थिए ।

यस्तै, प्रदेश र स्थानीय तहले भोग्नु परेको आयोजना व्यवस्थापन, संगठनात्मक संरचना तथा व्यवस्थापन, जेनजी आन्दोलनमा क्षति भएका भौतिक पुर्वाधार पुन:निर्माणमा सहयोग हुनपर्ने लगायतका विषयमा धारणा प्रस्तुत गरेका थिए ।

## 'उद्योग जोगाउन तीनै तहका सरकार सक्रिय हुनुपर्ने'

**सिरहा** – देशमा साना तथा घरेलु उद्योगलाई जोगाउन आवश्यक नीतिगत सहजीकरण नहुँदा उद्योगहरू कमजोर बन्दै गएको भन्दै उद्योगी, व्यवसायी र सरकारी सरोकारवालाले अब तीनै तहका सरकारले समन्वय गरेर उद्यममैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले मंगलबार एघारौँ उद्योग दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उनीहरूले स्वदेशमै रोजगारी र आयआर्जन बढाउन साना उद्योग संरक्षण महत्वपूर्ण आधार बन्नसक्ने धारणा व्यक्त गरेका हुन् । कार्यक्रममा लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले वैदेशिक रोजगारीबाट भित्रिएको 'रेमिट्यान्स' उपभोगमा नै खर्चिने प्रवृत्ति बढेकाले त्यसलाई उत्पादनशील क्षेत्रमा मोड्न तीनै तहका सरकारको भूमिका निर्णायक हुने बताए ।

उनले भने, 'इमानदारीका साथ काम गर्नेले चिया पसलबाट पनि भविष्य बनाउन सक्छ, तर रेमिट्यान्स अनुत्पादक क्षेत्रमा खर्चिने प्रवृत्ति रोकिएन भने आर्थिक आधार बलियो हुँदैन । साना उद्योग बाँच्न र युवालाई

**▸▸ घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरी सरण यादवले बजेट कटौतीका कारण विगतमा सञ्चालन हुने चार प्रकारका तालिम सीमित भई अहिले उद्यमशीलता तालिम मात्र चलिरहेको बताए । जेनजी आन्दोलनका क्रममा कार्यालय क्षतिग्रस्त भएकाले केही सेवा सीमित रूपमा सञ्चालन भइरहेको उनले जानकारी दिए ।**

स्वदेशमै रोजगारी दिन तीनै तहका सरकार एउटै दिशामा सक्रिय हुनुपर्छ ।'

जिल्ला उद्योग वाणिज्य संघ लहानका अध्यक्ष विकास सारडाले भन्सार नीतिका कारण व्यापारीहरू समस्यामा परेको उल्लेख गर्दै भन्सार छली नियन्त्रण तथा नियमित अनुगमन आवश्यक रहेको बताए । यस क्रममा, आन्तरिक राजस्व कार्यालय लहानका प्रमुख भीम काफ्लेले सस्तो मूल्यका कारण उपभोक्ता भारतीय बजारतिर आकर्षित हुने तर गुणस्तरप्रति सचेतना कमी रहेको बताउँदै सबै पक्ष मिलेर व्यावसायिक वातावरण बनाउनु आवश्यक रहेको धारणा राखे ।

जिल्ला समन्वय समितिका सभापति दिनेश महतोले साना उद्योगको सीप विकास, सुरक्षात्मक कार्यक्रम र अनुदान व्यवस्थापनका लागि प्रदेश सरकारसँग बजेट समन्वय भइरहेको बताए । 'सीप, प्रोत्साहन र संरक्षण विना साना उद्योग टिक्दैन,' उनले भने ।

घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख किशोरी सरण यादवले बजेट कटौतीका कारण विगतमा सञ्चालन हुने चार प्रकारका तालिम सीमित भई अहिले उद्यमशीलता तालिम मात्र चलिरहेको बताए । जेनजी आन्दोलनका क्रममा कार्यालय क्षतिग्रस्त भएकाले केही सेवा सीमित रूपमा सञ्चालन भइरहेको उनले जानकारी दिए ।

कार्यक्रमका उद्योगीहरूले भारतीय बजारबाट आयातित वस्तु सस्तो परेकाले स्थानीय उत्पादन प्रतिस्पर्धामा कमजोर भएको गुनासो गर्दै सरकारी स्तरबाट बजार सुरक्षा, अनुगमन र स्थानीय उत्पादन उपयोग बढाउने अभियान आवश्यक रहेको सुझाव दिएका थिए । *रासस*

एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागूऔषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसँग सम्पर्क गरौं ।

सावधानी अपनाऔं, स्वस्थ्य रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ